# भाग ४

## श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

माननीय अर्थ राज्यमन्त्री भरतबहादुर प्रधानले २०४३ साल असाढ २६ गतेका दिन दिनुभएको आर्थिक वर्ष २०४३।४४ को बजेट वक्तव्य सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

सम्माननीय अध्यक्ष महोदय,

१.१ श्री ५ महाराजाधिराज सरकारबाट असीम निगाहपूर्वक राष्ट्रिय पञ्चायतको सदस्य नियुक्त गरिबक्सनुको साथै अर्थ तथा उद्योग राज्यमन्त्रीको गहन जिम्मेवारी सुम्पिबक्सेकोमा मौसूफ सरकारप्रति सभक्ति कृतज्ञता ज्ञापन गर्दछु । दोस्रो आम निर्वाचन पछि बसेको यस गरिमामय सदनको सैंतीसौं अधिवेशनमा आर्थिक वर्ष २०४३।४४ को आय-व्यय विवरण पेश गर्ने अवसर पाउँदा गौरवान्वित छु । मैले पेश गर्न लागेको यो आय-व्ययको विवरण तथा कार्यक्रम २०४३ असाढ ११ गतेको शाही सम्बोधनमा उल्लेखित श्री ५ को सरकारको नीतिहरूमा आधारित छन् । माननीय सदस्यहरूले बितेका केही दिनहरूमा देशको अर्थ व्यवस्था सम्बन्धमा व्यक्त गर्नुभएका विचारहरू, पञ्च-भेलाबाट पारित कार्यक्रमहरू र देशका विद्यमान समस्याहरूलाई समेत मध्यनजर राखी यो आय-व्यय विवरण र कार्यक्रम तर्जुमा गरेको छु ।

१.२ दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको प्रादुर्भावपछि विगत पच्चीस वर्षमा विकासका आधार स्तम्भहरूको निर्माणमा भएका उपलब्धिहरू उल्लेखनीय छन् । तर तिनीहरूको अधिकतम उपयोग गरी उत्पादन वृद्धि गर्ने कार्यमा भने हामीले अझ बढी प्रयास गर्नु परेको छ । जनताको बढ्दो आकांक्षा र न्यूनतम आवश्यकता परिपूर्ति गर्न लगानीको परिमाणमा वृद्धिगर्दै जान जति आवश्यक छ त्यति नै सीमित साधनको प्रभावकारी एवं फलदायी उपयोगमा पनि विशेष दृष्टि दिनु जरूरी भएको छ । यसै सन्दर्भमा श्री ५ महाराजाधिराज सरकारबाट २०४३ सालको नव वर्षको शाही सन्देशमा "हामीले नयाँ निर्माण गरेर मात्र पुग्दैन भइरहेको साधन र स्रोतको संरक्षणमा पनि जोड दिनुपर्दछ" भनी बक्स भएको मार्गदर्शन उल्लेख गर्न चाहन्छु ।

१.३ मैले यो सदनमा २०४२।४३ को आर्थिक सर्वेक्षण पेश गरिसकेको छु । यस सर्वेक्षणबाट आर्थिक क्षेत्रका परि-सूचकहरूको प्रवृत्ति र अर्थ व्यवस्थामा देखापरेका समस्या-हरू माननीय सदस्यहरूलाई जानकारी भइसकेकै छ । तथापि आगामी आर्थिक वर्षको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आय-व्यय विवरण पेश गर्नु अघि चालू आर्थिक वर्षको वस्तुस्थितिसम्बन्धी मुख्य पक्षहरू संक्षेपमा प्रस्तुत गर्न सान्दर्भिक ठान्दछु ।

१.४ चालू आर्थिक वर्षमा कुल गार्हस्थ उत्पादन स्थिर मूल्यमा ४.२ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । गत वर्ष यसको वृद्धि दर स्थिर मूल्यमा २.९६ प्रतिशत थियो । कुल खाद्यान्न उत्पादन गत वर्ष १.७ प्रतिशतले घट्न गएकोमा चालू वर्ष ५.४ प्रतिशतले वृद्धि भएको अनुमान छ । चालू वर्ष धानको उत्पादन ३.५ प्रतिशत, मकै ६.६ प्रतिशत, गहुँ १०.३ प्रतिशत र कोदो १०.९ प्रतिशतले वृद्धि भएको छ । नगदे-बालीतर्फ जूटको उत्पादन ८४ प्रतिशत र उखु ४२ प्रतिशतले वृद्धि भएको देखिन्छ भने तेलहन र सुर्तीको उत्पादन क्रमशः १.९ र २५ प्रतिशतले ह्रास भएको छ । औद्योगिक उत्पादन गत वर्ष १.६ प्रतिशत ह्रास भएकोमा चालू वर्ष ७.२ प्रतिशतले वृद्धि भएको अनुमान छ। चालू आर्थिक वर्षमा अधिकांश उद्योगहरूको उत्पादन बढ्नुको साथै उद्योग-हरूको क्षमता उपयोगमा सुधार भएको छ ।

१.५ अन्तर्राष्ट्रिय व्यापारतर्फ चालू आर्थिक वर्षको प्रथम नौ महिनामा २०४१।४२ को सोही अवधिको तुलनामा निकासीमा २०.२ प्रतिशतले वृद्धि भएको छ भने पैठारीतर्फ २४.५ प्रतिशतले वृद्धि हुन गई कुल व्यापार घाटा रू. ४ अरब ५० करोड ७८ लाख पुग्ने अनुमान छ ।

१.६ देशको शोधनान्तर स्थिति विगत केही वर्षदेखि प्रतिकूल हुँदै गई गत वर्ष रू. ८६ करोड ६० लाख घाटा भएको थियो । चालू वर्ष यसमा उल्लेखनीय सुधार भई नौ महिनामा रू. ५२ करोड ५ लाखले खुद बचत भएको छ र यो बचतको स्थिति आर्थिक वर्षको अन्तसम्म कायम हुने विश्वास गरेको छु ।

१.७ मुद्रा प्रदायको विस्तार गत वर्ष ११.१ प्रतिशतले भएकोमा चालू आर्थिक वर्षमा अप्रत्याशीत रूपले वृद्धि हुने देखिन्छ । चालू वर्ष सरकारी क्षेत्रमा जाने कर्जा गत वर्षको तुलनामा निकै कम भए तापनि सरकारी संस्थानहरू तथा निजी क्षेत्रमा प्रवाहित कर्जा विस्तार र वैदेशिक मुद्राको संचितिमा भएको वृद्धिको कारणले मुद्रा प्रदायमा वृद्धि हुन गएको हो ।

१.८ गत वर्ष मूल्य वृद्धि सरदर ४.१ प्रतिशत भएकोमा चालू वर्षको प्रथम नौ महिनामा १३.३ प्रतिशतले वृद्धि भएको छ र आर्थिक वर्षको अन्तसम्म यो अरू केही वृद्धि हुने अनुमान छ ।



२९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## २

२.१ विगत केही वर्षदेखि अर्थ व्यवस्थामा देखा परेका विसंगतिहरूले अर्थतन्त्रमा नकारात्मक प्रभाव पारिरहेको छ। निरन्तर बढ्दो बजेट घाटाबाट भएको कर्जा विस्तारले एकातिर कुल मागमा अत्यधिक चाप पर्न गएको देखिन्छ भने अर्कोतिर आन्तरिक आपूर्ति स्थितिमा त्यस अनुरूप सुधार नभै दिनाले माग र आपूर्ति बीचको असन्तुलन क्रमिक रूपले बढ्दै गयो। यसले गर्दा मुद्रा प्रदायमा विस्तार, शोधनान्तर स्थितिमा बढ्दो घाटा र विदेशी विनिमय संचितिमा ह्रास भई अर्थतन्त्र नाजुक स्थितिबाट गुज्रिरहेको छ।

२.२ अर्थ व्यवस्थामा देखा परेका यी आर्थिक असन्तुलनहरूलाई नियन्त्रण गर्न चालू वर्षको मध्यतिर नेपाली मुद्राको भारतीय मुद्रा लगायत विश्वका अन्य सबै प्रमुख मुद्राहरूको दाँजोमा १४.७ प्रतिशतले अवमूल्यन गरियो। यसको लगतै पछि माग नियन्त्रण गर्ने उद्देश्यले लागू गरिएको अल्पकालीन आर्थिक कार्यक्रम अन्तर्गत कर्जा सीमा निर्धारण गर्नुको साथै साधारण एवं विकास खर्चमा कटौती गरियो। तर आपूर्ति व्यवस्थामा त्यति सुधार हुन नसकेकोले मूल्य नियन्त्रण हुन सकेन।

२.३ अर्थ व्यवस्थामा देखिएका यी प्रवृत्तिहरूमा सकारात्मक परिवर्तन ल्याउन माग नियन्त्रण गरेर मात्र पुग्दैन। विकास कार्यमा तीव्रता ल्याई आपूर्ति स्थितिमा नै सुधार ल्याउन आजको मुख्य आवश्यकता छ। यस सम्बन्धमा श्री ५ महाराजाधिराज सरकारबाट शाही सम्बोधनमा "अर्थतन्त्रको सुदृढीकरणको निमित्त उत्पादनमा नै वृद्धि गर्नुपर्दछ र यसको लागि आर्थिक विकास र स्थायित्वमा जोड दिन" हुकुम भएको कुरा नै आगामी वर्षको नीति एवं कार्यक्रमको मुख्य उद्देश्य रहेको छ।

२.४ आर्थिक स्थायित्व कायम राखी विकासको गतिमा तीव्रता ल्याउन श्री ५ को सरकारले मध्यावधिक कार्यनीति तयार गरेको छ। उक्त कार्यनीतिका विशेषताहरू अब म संक्षेपमा उल्लेख गर्न चाहन्छु।

(क) देशको उत्पादन स्थितिमा सुधार ल्याउन विकास खर्चमा गुणात्मक सुधार गरी वृद्धि गर्ने।

(ख) सम्पन्न भै सकेका आयोजनाहरूको अधिकतम उपयोग गर्न सञ्चालन, मर्मत एवं सम्भारमा जोड दिने।

(ग) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरू समयमै सम्पन्न गर्न र चाँडो प्रतिफल प्राप्त हुने चालू आयोजनाहरूलाई शीघ्र सम्पन्न गर्न आवश्यक साधनको व्यवस्था गर्ने।



२९५ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) साधारण खर्चको स्तरलाई नियन्त्रण गरी कुल गार्हस्थ्य उत्पादनको अनुपातमा हालकै स्तरमा कायम गर्ने ।

(ङ) विकास खर्चमा बढी योगदान दिन आन्तरिक स्रोतको परिचालनमा विशेष जोड दिने । यस अनुसार आगामी वर्ष कुल गार्हस्थ्य उत्पादनको अनुपातमा राजस्व सङ्कलन १०.३ प्रतिशत पुऱ्याउने ।

(च) वैदेशिक सहायताको उपयोगमा गुणात्मक तथा परिमाणात्मक सुधार ल्याउने ।

(छ) खुद सरकारी बजेट घाटा आगामी वर्ष कुल गार्हस्थ्य उत्पादनको २ प्रतिशतभन्दा बढ्न नदिने ।

(ज) बैंकिङ्ग व्यवस्थाबाट सरकारले लिने कर्जा सीमा चालू वर्षको भन्दा कम गर्ने र कुल आन्तरिक कर्जा वाञ्छित सीमाभित्र राख्ने ।

(झ) कृषि र औद्योगिक उत्पादन वृद्धि गर्न आवश्यक उपकरणहरू तथा कच्चा पदार्थको आपूर्ति सुलभ गराउने ।

(ञ) व्यापार असन्तुलनलाई कम गर्न निकासी वृद्धि कार्यक्रमलाई बढी जोड दिनुको साथै मुख्य व्यापारिक सम्बन्ध भएका देशहरूसँग व्यापार सन्तुलन गर्ने उपायहरूबारे वार्ता चलाउने ।

(ट) मूल्य वृद्धि नियन्त्रण गर्न आवश्यक उपभोग्य वस्तुहरूको आपूर्ति वृद्धि गर्न आन्तरिक उत्पादनमा जोड दिनुको साथै सस्तो स्रोतबाट पैठारी गर्न प्रोत्साहित गर्ने ।

(ठ) कुल गार्हस्थ्य उत्पादनको अनुपातमा राष्ट्रिय बचत तथा विकास लगानी वृद्धि गरी देशमा आर्थिक गतिविधि बढाउँदै लगी रोजगारका अवसरहरू बढाउने ।

२.५ हाम्रा विकास आकाँक्षाहरूको परिपूर्ति गर्न र उत्पादनमा सुधार ल्याउन विकास लगानी क्रमशः बढाउँदै लानु पर्ने कुरा माथि उल्लेख गरिसकेको छु । यसको लागि विदेशी सहायताको बढ्दो उपयोगको साथै आन्तरिक स्रोत परिचालनमा पनि जोड दिनु पर्नेछ । हाल हाम्रो राजस्व परिचालनको अनुपात कुल गार्हस्थ्य उत्पादनको दाँजोमा करिब ८.३ प्रतिशत मात्र रहेको छ। विगत केही वर्षदेखि हामी यही स्थितिमा नै छौं । हाम्रा छिमेकी राष्ट्रहरूको राजस्व परिचालन स्थितिसँग दाँज्ने हो भने हाम्रो स्थिति ज्यादै निम्न रहेको छ । तसर्थ साधारण खर्चलाई पूरा गरी विकास खर्चको लागि आवश्यक बढी साधन जुटाउन आगामी वर्ष राजस्व परिचालन कुल गार्हस्थ्य उत्पादनको अनुपातमा करिब १०.३ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । राजस्व परिचालनमा थप वृद्धि गर्न करको दरबन्दीमा वृद्धि गर्नुभन्दा करको उद्देश्य स्पष्ट गरी दरबन्दीमा मिलान गर्ने, करको दायरा फराकिलो बनाउने, राजस्व सङ्कलनमा मूल्य एवं उत्पादन वृद्धि बीचको सम्बन्ध बढाउने,



१९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रशासनिक एवं प्रचलित ऐन नियममा सुधार गर्ने आदि जस्ता कार्यमा आगामी वर्ष बढी जोड दिइनेछ । साधारण खर्चको वृद्धि दरलाई नियन्त्रण गर्नुको साथै आयोजनाहरूको लागि जुटाइएको रकम अपव्यय वा फजुल खर्च गर्ने वा अनियमित कारोबार गरी क्षति पुऱ्याउने जस्ता कुरामा प्रभावकारी ढङ्गबाट नियन्त्रण गर्न अपनाइएका प्रक्रियाहरू आगामी वर्ष झन् सुदृढ बनाइनेछ ।

२.६ चालू वर्ष विदेशी मुद्रा सञ्चितिमा वृद्धि हुनुका साथै कुल कर्जामा विस्तार भई मुद्रा प्रदाय निकै विस्तार हुन गएको हो। यसलाई वाञ्छित सीमाभित्र राख्न बचत परिचालनमा जोड दिनुका साथै आन्तरिक कर्जा विस्तारलाई नियन्त्रण गरिनेछ । वाणिज्य बैङ्कहरूबाट जाने कर्जाको अधिकाँश भाग निजी क्षेत्रमा प्रवाहित गरी उत्पादनशील क्षेत्रतर्फ लगाउन आवश्यक कदम चालिनेछ ।

२.७ आर्थिक विकासमा बैंकिङ्ग क्षेत्रबाट गरिने वित्तीय कारोवारको महत्वपूर्ण भूमिका रहेको छ । बैंकिङ्ग क्षेत्रलाई प्रतिस्पर्धात्मक वातावरणमा सेवामूलक र दक्ष बनाउने प्रयास जारी रहनेछ । यस क्रममा व्याज दरलाई लचिलो बनाएर निक्षेप वृद्धि एवं कर्जा तथा लगानीबीच तालमेल मिलाउन वाणिज्य बैङ्कहरू आफैले व्याज दर तोक्न सक्ने व्यवस्था कायमै राखिनेछ ।

२.८ चालू वर्षमा भएको अत्यधिक मूल्य वृद्धिलाई नियन्त्रण गरी आगामी वर्ष मूल्य वृद्धि दरलाई एक अङ्कमा ओराल्न श्री ५ को सरकार कटिबद्ध छ । माथि उल्लेख गरेका मौद्रिक एवं वित्तीय नीतिले यस लक्ष्य हासिल गर्न सघाउ पुऱ्याउने विश्वास लिएको छ । मूल्य वृद्धिको समस्या समाधान गर्न माग नियन्त्रण गर्ने कार्यक्रम मात्र पर्याप्त हुँदैन । यसको लागि आपूर्ति स्थितिमा नै सुधार हुनु नितान्त आवश्यक छ । अल्पकालीन अवधिमा आपूर्ति स्थितिमा सुधार ल्याउन पैठारीले पनि महत्वपूर्ण भूमिका खेल्ने हुँदा आगामी वर्ष सस्तो स्रोतबाट आवश्यक वस्तुहरू पैठारी गर्ने नीति अवलम्बन गरिनेछ। तर समस्याको यो स्थायी समाधान होइन । यसको लागि आन्तरिक उत्पादन वृद्धि गर्नु नै मुख्य उपाय भएकोले कृषि, उद्योग जस्ता क्षेत्रमा उत्पादन वृद्धि र स्थायित्व ल्याउन विशेष जोड दिइनेछ ।

२.९ वैदेशिक व्यापारतर्फ पैठारी बढिरहेको तर त्यस अनुरूप निकासी बढ्न नसकेको कारणले असन्तुलन बढ्दै गइरहेको छ। यस किसिमको अस्वस्थ प्रवृत्ति कायम रहेमा अर्थ व्यवस्थाको सञ्चालनमा व्यवधान भई विकास कार्यमै गतिरोध आउँछ । यसर्थ व्यापार घाटा कम गर्न श्री ५ को सरकारले आगामी वर्ष निकासी व्यापारलाई उच्च प्राथमिकता दिनेछ । यसको लागि निकासी व्यापारलाई केही क्षेत्रमा बाहेक खुला राखी यसका प्रक्रियाहरू सरल बनाउन आवश्यक सुधार गरिनेछ । निर्यात पूर्व कर्जा उपलब्ध गराउने विधि बढी सरल बनाइनेछ । तयारी पोशाकको निर्यातलाई प्रोत्साहन दिन बण्डेड वेयर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हाउसको व्यवस्था साथै संस्थागत रूपमा यसको विकासको लागि प्रोत्साहन गरिनेछ । ऊनी गलैंचाको निकासी विस्तार गर्न कच्चा पदार्थको सरल आपूर्ति व्यवस्था मिलाइनेछ । यसको अतिरिक्त निकासीयोग्य प्रमुख वस्तुहरूको छनौट गरी उत्पादन वृद्धि गर्न एवं गुणात्मक सुधार गर्न उपयुक्त कदमहरू चालिने छन् । पैठारीतर्फ तेस्रो मुलुकबाट उपभोग्य वस्तुहरू पैठारी गर्न हालको बोल कबुल प्रथा कायम राखिनेछ । औद्योगिक कच्चा पदार्थ, निर्माण सामग्री र आवश्यक उपभोग्य वस्तुहरू सस्तो स्रोतबाट आयात गर्न उदार नीति अपनाइनेछ । यसबाट औद्योगिक उत्पादन क्षमताको बढी उपयोग हुने र आयात प्रतिस्थापन उद्योगहरू स्थापना गर्न प्रोत्साहन मिल्नुका साथै मूल्य नियन्त्रण गर्न योगदान पुग्ने विश्वास लिएको छु ।

२.१० औद्योगिक विकासतर्फ उद्योगहरूको क्षमता वृद्धि गरी औद्योगिक उत्पादन बढाउने नीति अवलम्बन गरिनेछ । औद्योगिक व्यवसाय ऐन २०३८ लागू भएको पाँच वर्षमा पुनरावलोकन गर्ने भन्ने औद्योगिक नीतिमा उल्लेख भएको छ । तदनुसार पुनरावलोकन गरी समयानुकूल बनाइनेछ । यस सन्दर्भमा औद्योगिक क्षेत्र (सेक्टर) को समष्टिगत अध्ययनको साथै विषयगत अध्ययन पनि भैसकेको छ ।

२.११ श्री ५ को सरकारको स्वामित्वमा रहेका संस्थानहरूमध्ये अधिकांश घाटामा गइरहेका छन्। संस्थानहरू आफ्नै खुट्टामा उभिन सकून् भन्ने मनसायले चालू वर्ष श्री ५ को सरकारले विभिन्न कदमहरू चालेको छ । यस क्रममा गत केही वर्षदेखि संस्थानहरूको सञ्चालनमा बढी स्वायत्तता दिने श्री ५ को सरकारको नीति रहेको छ । आगामी वर्ष यस नीतिलाई अझ दृढतापूर्वक कार्यान्वयन गरिनेछ । संस्थानहरूमा निजी क्षेत्रको सहभागिता बढाउन प्रभावकारी कदमहरू लिइनेछ ।

२.१२ सरकारी संस्थानहरूबाट बिक्री वितरण भइरहेको वस्तु तथा सेवाहरूको लागि श्री ५ को सरकारबाट व्यहोर्नु पर्ने अनुदान (सब्सिडी) को रकम बढ्दै गई धान्न नसक्ने स्थितिमा पुगेको छ । यस क्रमलाई जारी राखेको खण्डमा एकातिर वस्तु र सेवाको आपूर्तिमा संकुचन हुन जान्छ भने अर्कोतिर अर्थ व्यवस्था झन नाजुक हुन जानेछ । यसलाई मनन गरी वस्तु तथा सेवाको मूल्य नीतिमा सामाजिक न्यायलाई समेत दृष्टिगत गरी आवश्यक सुधार ल्याइनेछ ।

२.१३ देश विकास कार्यमा निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको कुरामा दुई मत छैन । कृषि, उद्योग, वाणिज्य जस्ता महत्वपूर्ण क्षेत्रहरूमा निजी क्षेत्रलाई प्रोत्साहन दिन विभिन्न किसिमका सुविधाहरू प्रदान गर्दै आएको छ र आवश्यकतानुसार यसमा सुधार गरिनेछ । वित्तीय तथा मौद्रिक क्षेत्रमा लिइएका कदमहरूले निजी क्षेत्रको विकास हुनेछ भन्ने विश्वास लिएको छु ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.१४ विकेन्द्रीकरणको सिद्धान्त अनुसार योजनाबद्ध विकास गर्ने प्रकृयाको थालनी गरेको एक वर्ष मात्र भएको छ । यस अवधिमा जिल्ला र गाउँ पञ्चायतहरूमा स्थानीय रूपले योजना तर्जुमा र कार्यान्वयन गर्ने क्षेत्रमा लाभदायक अनुभवहरू हासिल भएका छन् । आगामी वर्षको आय-व्ययको अनुमान तयार गर्दा केन्द्र र जिल्लास्तरमा आयोजनाहरूको निमित्त स्पष्ट रूपले विनियोजन गर्ने व्यवस्था गरिएको छ । विकेन्द्रीकरणको प्रकृयालाई सुदृढ गर्दै लैजान श्री ५ को सरकार प्रयत्नशील रहनेछ ।

२.१५ श्री ५ को सरकारले आगामी वर्षमा कार्यान्वयन गर्ने वित्तीय मौद्रिक तथा अन्य नीतिहरूको बारेमा उल्लेख गरें । यी नीतिहरूको अवलम्बनबाट देशको वर्तमान आर्थिक स्थितिमा सुधार आई रोजगारीमा प्रशस्त वृद्धि हुने कुरामा म विश्वस्त छु ।

## ३

३.१ अब म आर्थिक वर्ष २०४१।४२ को यथार्थ आय-व्यय विवरण र चालू वर्षको संशोधित आय-व्यय विवरण पेश गर्दछु ।

३.२ आर्थिक वर्ष २०४१।४२ मा कुल रू. ८ अरब ५२ करोड २८ लाख खर्च हुने संशोधित अनुमान भएकोमा यथार्थमा रू. ८ अरब ३९ करोड ४६ लाख खर्च भएको छ । साधारणतर्फ रू. २ अरब ९९ करोड ५२ लाख खर्च हुने संशोधित अनुमान भएकोमा यथार्थ खर्च रू. २ अरब ९० करोड ६२ लाख भयो । त्यस्तै विकास खर्च रू. ५ अरब ५२ करोड ७६ लाख हुने संशोधित अनुमानमा यथार्थ खर्च रू. ५ अरब ४८ करोड ८८ लाख भएको छ ।

३.३ आर्थिक वर्ष २०४१।४२ मा कुल आय रू. ४ अरब ५ करोड ५४ लाख हुने संशोधिन अनुमान भएकोमा रू. ३ अरब ९१ करोड ६६ लाख प्राप्त भयो । विदेशी अनुदान सहायता रू. १ अरब ९ करोड ७५ लाख र विदेशी ऋण रू. १ अरब ७० करोड ४९ लाख प्राप्त हुने संशोधित अनुमान भएकोमा अनुदान रू. ९२ करोड ३४ लाख र ऋण रू. १ अरब ७५ करोड ४९ लाख प्राप्त भएको छ । यस प्रकार रू. १ अरब ६६ करोड ८१ लाख आन्तरिक ऋण उठाई न्यून पूर्ति गर्ने संशोधित अनुमानमा रू. १ अरब ७९ करोड ९९ लाख आन्तरिक ऋण उठाई यो न्यून पूर्ति भएको छ ।

३.४ चालू वर्ष कुल खर्च रू. ११ अरब ४८ करोड ९४ लाख हुने अनुमान भएकोमा रू. ९ अरब ५९ करोड ५३ लाख हुने संशोधित अनुमान छ । यसमध्ये साधारणतर्फ रू. ४ अरब ३० लाख खर्च हुने अनुमान भएकोमा रू. ३ अरब ६० करोड २७ लाख खर्च हुने संशोधित अनुमान छ । त्यस्तै विकासतर्फ जम्मा रू. ७ अरब ४८ करोड ६४ लाख खर्च हुने अनुमान भएकोमा रू. ५ अरब ९९ करोड २६ लाख खर्च हुने संशोधित अनुमान छ।



२१९ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.५ चालू आर्थिक वर्षमा राजस्वतर्फ रू. ५ अरब ५२ करोड ८२ लाख प्राप्त हुने अनुमान गरिएकोमा रू. ४ अरब ६२ करोड ४७ लाख प्राप्त हुने संशोधित अनुमान छ। विदेशी सहायता अनुदान रू. १ अरब ९२ करोड ४७ लाख प्राप्त हुने अनुमान भएकोमा रू. १ अरब ३८ करोड ८ लाख प्राप्त हुने संशोधित अनुमान छ। त्यस्तै विदेशी ऋण रू. २ अरब ६१ करोड ७५ लाख प्राप्त हुने अनुमान भएकोमा रू. २ अरब २२ करोड ४९ लाख प्राप्त हुने संशोधित अनुमान छ। यसरी चालू आर्थिक वर्षमा हुने कुल खर्च रू. ९ अरब ५९ करोड ५३ लाखमध्ये राजस्वबाट रू. ४ अरब ६२ करोड ४७ लाख र वैदेशिक सहायताबाट रू. ३ अरब ६० करोड ५७ लाख व्यहोरिने भएकोले न्यून हुने रू. १ अरब ३६ करोड ४९ लाख आन्तरिक ऋणबाट व्यहोरिनेछ।

## ४

अब म आर्थिक वर्ष २०४३।४४ को आय-व्ययको अनुमान र विकास कार्य-क्रम संक्षेपमा पेश गर्दछु।

४.१ साधारणतर्फ आगामी आर्थिक वर्षमा रू. ४ अरब ३० करोड ७१ लाख खर्च हुने प्रस्ताव गरिएको छ। उक्त रकममध्ये संवैधानिक अङ्गहरूमा रू. १४ करोड ६९ लाख, साधारण प्रशासनमा रू. ५९ करोड ६१ लाख, राजस्व प्रशासनमा रू. ९ करोड ६ लाख, आर्थिक प्रशासन र योजनामा रू. ४ करोड ७ लाख, न्याय प्रशासनमा रू. ६ करोड ३९ लाख, वैदेशिक सेवामा रू. १० करोड ३१ लाख, रक्षामा रू. ६९ करोड ३२ लाख, सामाजिक सेवामा रू. ५२ करोड ४१ लाख, आर्थिक सेवामा रू. २९ करोड ५५ लाख ऋण लगानी र साँवा व्याजमा रू. १ अरब ३० करोड ८८ लाख र विविधमा रू. ४४ करोड ४१ लाख छुट्याइएका छन्।

४.२ विकास बजेटको कुल खर्च रू. ८ अरब ७४ करोड ५५ लाखमध्ये आर्थिक सेवाको लागि रू. ६ अरब १३ करोड ७७ लाख, सामाजिक सेवाको लागि रू. २ अरब ३६ करोड ७५ लाख, साधारण प्रशासन, आर्थिक प्रशासन तथा योजना र विविधको लागि रू. २४ करोड ३ लाख राखेको छु। आर्थिक सेवाको लागि विनियोजित रकममध्ये कृषि, भूमिसुधार, नापी र सिंचाइमा रू.१ अरब ८२ करोड ४५ लाख, वन तथा भूसंरक्षणमा रू. ४७ करोड ४५ लाख, यातायातमा रू. १ अरब २२ करोड ४४ लाख, विद्युतमा रू. १ अरब ८१ करोड ९१ लाख, उद्योग तथा खानीमा रू. ४४ करोड १ लाख, सञ्चारमा रू. १६ करोड ४४ लाख र अन्य आर्थिक सेवामा रू. १९ करोड ७ लाख राखिएका छन्। सामाजिक सेवाहरूतर्फ शिक्षामा रू. १ अरब ४ करोड ३८ लाख, स्वास्थ्यमा रू. ३७ करोड ९६ लाख, खानेपानीमा रू. २९ करोड ८७ लाख, पञ्चायत तथा स्थानीय



220 २०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | र रिङ) ल्वाङ्ग किला, कोठर, कोठरपीन र यस्तै फलाम वा इस्पातका सामान, वासर (स्प्रिङ्ग वासर समेत) | १० |
| ७३–३३ | फलाम वा इस्पातले बनेको सबै किसिमको सियो | १० |
| ७३–३४ | आलपीन (टोपमा लगाउने पीन र अरू अलङ्कारिक रूपमा प्रयोग हुने पीन र ड्इङ्ग पीन बाहेक) कपालमा लगाउने, कपाल घुमाउने आलपीनका मुठा र यस्तै फलाम वा इस्पातबाट बनेको सामान वा हेयर पीन | १० |
| ७३–३५ क | फलाम वा इस्पातको स्प्रिङ्ग पाता रिक्सा र साइकलको लागि | ५ |
| (ख) | अन्य | १५ |
| ७३–३६ | फलाम वा इस्पातबाट बनेको स्टोभ (सेण्टर हिटिङ्गको निमित्त सहायक ब्वाइलरसमेत भएको स्टोभसमेत) रेञ्जकुकर, ग्रेट, अन्य तताउने वा अरू तताउने तत्वद्वारा धुने ब्वायलर र यस्तै घर व्यवहारमा प्रयोग हुने अन्य सामान (बिजुलीबाट चल्ने बाहेक) | १५ |
| ७३–३६(क) | ऐ. को पार्टपूर्जा | १० |
| ७३–३७ | फलाम वा इस्पातको ब्वायलर (भाग ८४ मा पर्ने बाहेक) र सेन्ट्रल हिटिङ्गको रेडिएटर र त्यस्को पार्टपूर्जा, एयर-हिटर चिसो तातो हावा फ्यांक्ने यन्त्र, मोटर युक्त पङ्खा वा ब्लोअरद्वारा सञ्चालित र त्यस्को पार्टपूर्जा (काठ, कोइला, तेल र ग्यांसबाट सञ्चालन हुने मात्र) | १५ |
| ७३–३८ | फलाम वा इस्पातको घर व्यवहार तथा भित्र प्रयोग हुने सामान, सर सफाइको सामान र पार्टपूर्जा, भाँडा माझ्ने स्टिल उल, पञ्जा र त्यस्तै पदार्थ | |
| (क) | घरेलु भाँडाकुंडा (स्टेनलेस स्टिलको बाहेक) स्टिल उल, प्रेशर कुकर र अन्य सामान | १० |
| (ख) | स्टेनलेस स्टिलका भाँडाकुंडा र अन्य सामान | २० |
| (ग) | घरभित्र प्रयोग हुने सफाइका मालमत्ता र पार्टपूर्जा | १५ |
| (घ) | अन्य | २० |
| ७३–३९ | फलाम तथा इस्पातबाट बनेका अन्य सबै सामान | १५ |
| ७४. | तामा र त्यसका सामानहरूः– | |
| ७४–१ | तामाका रद्दी र अवशेषहरू घरेलु सामान र पार्टपूर्जा | ५ |



२०९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ७४–२ | स्यानिटरी फिक्सचर्स | १० |
| | ७४–३ | तामाको क्वाइल | १५ |
| | ७४–४ | तामाका धाउ, ढिक्का र पाता | १० |
| | ७४–५ | तामाका अन्य सबै तयारी सामग्री (भाँडाकुँडा समेत) | १५ |
| ७५. | | निकेल र त्यसका सामानः– | |
| | ७५–१ | रद्दी, अवशेष र टुक्रा | ५ |
| | ७५–२ | निकेल र निकेलका सामान | १५ |
| ७६. | | आल्मुनियम र त्यसका सामानः– | |
| | ७६–१ | आल्मुनियम रद्दी र अवशेष | ५ |
| | ७६–२ | आल्मुनियमका भाँडाकुँडाहरू | १० |
| | ७६–३ | सफाइका भाडा (स्यानिटरी फिक्चर्स) | १५ |
| | ७६–४ | आल्मुनियमका अन्य सामानहरू | १० |
| ७७. | | म्याग्नेसियम, वेलिरियम र तिनका सामानहरूः– | |
| | ७७–१ | रद्दी र अवशेष | ५ |
| | ७७–२ | म्याग्नेसियम वेरियम र तिनका सामानहरू | १० |
| ७८. | | सीसा र त्यसका सामानहरूः– | |
| | ७८–१ | रद्दी र अवशेष | ५ |
| | ७८–२ | सीसा र त्यसका सामानहरू | १० |
| ७९. | | जस्ता र तिनका सामानहरूः– | |
| | ७९–१ | जस्ताको रद्दी र अवशेषहरू | ५ |
| | ७९–२ | जस्ता तथा जस्ताका सामानहरू | १५ |
| ८०. | | टिन र टिनका सामानहरूः– | |
| | ८०–१ | टिनका रद्दी र अवशेष | ५ |
| | ८०–२ | टिन कन्टेनर (२१ लिटरसम्म अटाउने) | ५ |
| | ८०–३ | अन्य सबै टिनका तयारी वस्तु | १० |
| ८१. | | धातु उद्योगमा प्रयोग गरिने अन्य आधारभूत धातुहरू र तिनका सामानहरूः– | |
| | ८१–१ | टङ्गस्टेन, मोलिवडेनम, टयान्टलम, विस्मत, क्याडमियम, | |



202 Pos

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | कोबाल्ट, क्रोमियम, ग्यालियम, जरमेनियम, हाफनियम, इण्डियम, म्याङ्गनिज, नोयोयम, रेमियम, एण्टिमोनी टिटानियम, थोरियम, थेलियम, युरेनियम, भेनेडियम, जिरकोनियम, समेटका रद्दी र अवशेष | ५ |
| | ८१–२ | सि. नं. ८१–१ को धातुको सामान | १० |
| ८२. | | आधारभूत धातुको औजार, उपकरण कैंची, छुरी, चम्चा, काँटा र तिनका पार्टपूर्जाः– | |
| | ८२–१ | सबै किसिमका हाते औजार आरा मेशिनको चक्कु औजारको टुप्पो, ब्लेड र यस्तै सामान | ५ |
| | ८२–२ | घर व्यवहारको लागि प्रयोग हुने मिसर, ग्राइण्डर रस निचोर्ने र यस्तै उपकरण (बिजुलीको बाहेक) | १० |
| | ८२–३ | रेजर, रेजर ब्लेड | २० |
| | ८२–४ | कैंची | २० |
| | ८२–५ | नङ काटने सेट, उपकरण कपाल काट्ने बेगरेको स्यांगी, कागज काट्ने स्यांगी, नङको रेती र यस्तै सामान | २० |
| | ८२–५ क | पेन्सिल तिखार्ने | ५ |
| | ८२–६ | चम्चा, कांटा, स्यांगी, डाडु पन्यो र यस्तै भान्साका सामानहरू स्टेनलेस स्टिलको | १५ |
| | ८२–७ | अन्य चम्चा, कांटा, स्यांगी र त्यस्तो सामान | १० |
| ८३. | | आधारभूत धातुबाट बनेका विविध सामानहरूः– | |
| | ८३–१ | ताल्चा, सांचो र पार्टपूर्जा सबै वस्तुको लागि | १० |
| | ८३–२ | फिटिङ्ग तथा माउण्टिङ्ग, ढोकाको स्प्रिङ्ग, हाण्डल, कब्जा र त्यस्तै सामान | १० |
| | ८३–३ | सेफ, क्यासबक्स र त्यस्तै वस्तुहरू | १५ |
| | ८३–४ | फाइलिङ्ग क्याबिनेट, र्‍याक, पेपर ट्रे र त्यस्तै सामान (भाग ९४ मा पर्ने फर्निचर बाहेक) | १५ |
| | ८३–५ | वेसमेटलका स्टेशनरी सामान लेटर क्लिप, स्टेपलर, स्टेपलरपीन, इण्डेक्स टांग र त्यस्तै सामानहरू | १० |
| | ८३–६ | सानो मूर्ति, धातुको ऐना, तस्वीरको फ्रेम | १० |
| | ८३–७ | लम्फा, लालटेन | ५ |



२०३ ४०८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ८३–८ | मेण्टोल | १० |
| | ८३–९ | बिजुलीका फिटिङ्गस (भाग ८५ मा पर्ने बिजुलीका सामान बाहेक) | १५ |
| | ८३–१० | खुकुको नली र पाइप | १० |
| | ८३–११ | अन्तराप, खिप, बगलीस, रिमेट, सितारा र त्यस्तै सामान | १० |
| | ८३–१२ | सबै किसिमको घण्टी, बिर्को, साइनबोर्ड नाउँ, नम्बर र अक्षर प्लेटहरू, तार, छड ट्यूब, प्लेट, इलेक्ट्रेड र यस्तै वस्तुहरू | १० |
| ८४. | | ब्वाइलर मेशिनरी, यान्त्रिक उपकरण र तिनीहरूको पार्टपूर्जा:– | |
| | ८४–१ | विभिन्न ब्वाइलर,जेनेरेटर (बिजुलीकोबाहेक) पार्टपूर्जा र | १० |
| | ८४–२ | हवाई जहाजको इन्जिन र पार्ट | माफी |
| | ८४–३ | बस, ट्रक, लहरी | १५ |
| | ८४–३ क | ऐ. को पार्टपूर्जा (टायर ट्यब बाहेक) | १० |
| | ८४–४ | ट्राक्टर इन्जीन र पार्ट | १० |
| | ८४–५ | मोटर, मोटर साइकलको इन्जीन र पार्ट | २० |
| | ८४–६ | हावा दिने पम्प, कम्प्रेसर र यस्तै पम्प र पार्ट | १० |
| | ८४–७ | कृषि कार्यमा प्रयोग हुने पानी तान्ने पम्प ट्यूबवेल र पार्ट | ५ |
| | ८४–८ | घरायसी सबै पानी तान्ने पम्प र पार्ट | ५ |
| | ८४–९ | रेफ्रिजेरेटर, डिसवास र त्यस्तै मेशिन, एयर कण्डिशन | २० |
| | ८४–१० | घांस काटने, अन्न चुट्ने, हम्कने, धान कुट्ने त्यस्तै मेशिन तथा पार्ट | ५ |
| | ८४–११ | कृषि औजार (कुटो, कोदालो र हलो, हंसिया र त्यस्तै) | माफी |
| | ८४–१२ | टाइप राइटर र सोको पार्ट | १० |
| | ८४–१३ | अन्य अफिस सम्बन्धी मेशिनरी र पार्ट (जस्तै हिसाब गर्ने, प्याकिङ्ग मेशिन, डुब्लीकेटिङ्ग मेशिन, प्रिटिङ्ग मेशिन, चेकराइटर र अन्य त्यस्तै मेशिन) | १५ |
| | ८४–१३क | कम्प्युटर वा डाटा प्रोशिसिङ्ग मेशिन | ५ |
| | ८४–१४ | लुगा सिउने मेशिनको सियो | १० |
| | ८४–१५ | बल वियरिङ्ग | २० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ८४–१६ | हक र काटी | ५ |
| ८४–१७ | तौलने मेशिन | ५ |
| ८४–१८ | अन्य सबै यन्त्र, यान्त्रिक उपकरण र पार्टपूर्जा अन्यत्र नपरेको (सिउने कल, सबै हाते ज्यावल र धाराको टुटी र त्यस्तै सामान समेत) | १० |
| ८५. | बिजुलीको मेशिन उपकरण र पार्टपूर्जाहरूः– | |
| ८५–१ | बिजुलीको सबै मोटर र पार्ट (एसी डिसी दुबै) | १० |
| ८५–२ | जेनेरेटर, ट्रान्सफर्मर, रोटर कन्भर्टर र त्यस्तै यन्त्र र पार्ट-पूर्जा | १० |
| ८५–३ | बेटरी, एक्यूमुलेटर, इलेक्ट्रो म्याग्नेट र त्यस्तै यन्त्र र पार्ट-पूर्जा | १० |
| ८५–४ | पङ्खा | ५ |
| ८५–४क | अन्य घरेलु प्रयोगका बिजुलीका मेशिनरी उपकरण र पार्ट पूर्जा (दाह्री काट्ने यन्त्र सहित) | २० |
| ८५–५ | ट्रान्समिटर तथा रिसिभरहरू रेडियो र पार्टपूर्जा (रू. ११००।– सम्म मोल पर्ने) | २० |
| ८५–६ | टेप रिकर्डर, क्यासेट प्लेयर, रिकर्ड प्लेयर र उपकरण र पार्टपूर्जा (टेप डिस्क रेकर्ड, टेलिभिजन क्यामरा, लाउड-स्पिकर, माइक्रोफोन र पार्टपूर्जा ) | २० |
| ८५–६ क | टेलिभिजन | १० |
| ८५–७ | कार्बन ब्रुश र त्यस्तै कार्बनहरू | १५ |
| ८५–८ | टर्च लाइट | १० |
| ८५–९ | टेलिफोन र पार्टपूर्जा | २० |
| ८५–१० | अन्य सबै विद्युत् यन्त्र उपकरण र पार्टपूर्जा अन्यत्र नपरेको (बिजुलीको तार, बल्ब र पार्ट समेत) | १० |
| ८६. | रेल्वे र ट्राम्वेको इन्जिन, रेलका डिब्बा र यिनका पार्टपूर्जा रेल्वे तथा ट्राम्वेको पट्टि जडान गर्ने सामान र बिजुलीको शक्तिले चल्ने बाहेक सबै किसिमको यातायात नियन्त्रण गर्ने सूचक उपकरणः | |
| ८६–१ | रेल्वे र ट्राम्वेको इन्जिन, रेल्वेको डिब्बा र यिनका पार्टपूर्जा, रेल्वे तथा ट्राम्वेको पट्टी जडान गर्ने सामान | माफी |



२०५ २०५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ८६–२ | बिजुलीको शक्तिले चल्ने बाहेक सबै किसिमको यातायात नियन्त्रण गर्ने सूचक उपकरण | १० |
| ८७. | रेल्वे ट्राम्वे बाहेक अन्य सवारीका साधन र तिनका पार्टपूर्जा : – | |
| ८७–१ | सबै किसिमको ट्राक्टर, ट्रेलर, पावर टिलर | १० |
| ८७–२ | मानिस, सामान वा वस्तु ओसार्ने यातायात (८७–९ मा पर्ने बाहेक) | १५ |
| ८७–३ | यात्रु र यात्रु तथा माल बोक्ने जस्तै कार जीप, माइक्रोबस, पिकअप भ्यान | २० |
| ८७–३ क | ऐ. को पार्टपूर्जा | १० |
| ८७–४ | सार्वजनिक प्रकारका सवारीका साधन (१२ सिटभन्दा बढीको बस, ट्रक) | १५ |
| ८७–४ क | ऐ. को पार्टपूर्जा | १० |
| ८७–५ | विशेष प्रयोजनको गाडी (जस्तै दमकल, क्रेन, लहरी र अन्य त्यस्तै साधन) | १० |
| ८७–६ | इन्जीन फिट भएको चेसिस | |
| (क) | ट्राक्टरको | ५ |
| (ख) | बस, ट्रक, लहरीको | १५ |
| (ग) | कार, जीप, माइक्रोबस, पिकअप भ्यानको | २० |
| (घ) | अन्य | २० |
| ८७–७ | सबै सवारी साधनका बडी | १० |
| ८७–८ | ट्राक्टर पार्ट | १० |
| ८७–९ | वर्क ट्रक र त्यस्तै ट्रक तथा पार्टपूर्जा | १० |
| ८७–१० | मोटर साइकल | २० |
| ८७–१०क | ऐ. को पार्टपूर्जा | १० |
| ८७–११ | अटो रिक्सा | २० |
| ८७–११क | ऐ. को पार्टपूर्जा | १० |
| ८७–१२ | साइकल र रिक्सा समेत र पार्टपूर्जा | ५ |
| ८७–१३ | दुर्बल वाहन, मोटर जडान भएको वा नभएको | माफी |



२०६५ ५०५
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ८७–१४ | बच्चा गाडी | ५ |
| | ८७–१५ | मेशिनद्वारा संचालित बाहेक अन्य सवारी साधन र पार्टपूर्जा | १० |
| ८८. | | हवाई जहाज र त्यसका पार्टपूर्जा, प्यारासुट क्याटा, पुल्टस (धुयत्रो) यस्तै हवाई जहाज संचालन गर्ने उपकरण ग्राउण्ड फ्लाइङ्ग ट्रेनर्सः– | |
| | ८८–१ | सबै किसिमको उड्ने बेलुन र मेशिनहरू, सामान र पार्टपूर्जा | माफी |
| | ८८–२ | प्यारासुट, उपकरण र पार्टपूर्जा | " |
| ८९. | | जहाज, डुङ्गा र यस्तै तैरिने कामको लागि बनेको सामानः– | |
| | ८९–१ | मोटरयुक्त साधारण डुङ्गा (मोटर बोट, हाउस बोट र मनोरञ्जन र परिवहनको लागि समेत) र पार्टपूर्जा | माफी |
| | ८९–२ | मोटर जडान नभएको साधारण डुङ्गा (माछा मार्ने परिवहन र त्यस्तै अन्य प्रयोजनको लागि समेत) र पार्टपूर्जा | माफी |
| | ८९–३ | अन्य सबै विशेष किसिमका जहाज र पार्टपूर्जा | " |
| ९०. | | चश्मा, फोटो चलचित्र सम्बन्धी नाप्ने जाँच्दे सार्नुपर्ने उपकरण औषधि र चिरफारको औजार उपकरण र यिनका पार्टपूर्जाः– | |
| | ९०–१ | फोटोग्राफी र सिनेमा सम्बन्धी उपकरण र पार्टपूर्जा | १५ |
| | ९०–२ | चिरफार तथा औषधी उपचार सम्बन्धी यन्त्र उपकरण र औजार तथा पार्टपूर्जा फरमामेटर एक्सरे, मेशिन समेत | माफी |
| | ९०–३ | नाप्ने चेक गर्ने, सानु पार्ने (प्रेशिसन) यन्त्र उपकरण र पार्टपूर्जा (तौलिने मेशिन बाहेक) | १० |
| | ९०–४ | फोटो कपी मेशिन | १० |
| | ९०–५ | अप्टिकल (चश्मा समेत तर दुरविन बाहेक) उपकरण र पार्टपूर्जाहरू | १० |
| | ९०–६ | सबै किसिमको दुरविन र पार्टपूर्जा | १५ |
| ९१. | | दिवाल घडी र नाडी घडी यिनका पार्टपूर्जाहरूः– | |
| | ९१–१ | सबै प्रकारका घडी स्टप वाच र मुभमेण्ट नाप्ने घडी र औजार मिलाउने घडी समेत | २० |
| | ९१–२ | सबै किसिमको घडीका पार्टपूर्जाहरू | १० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ९२. | | वाद्य यन्त्र, ध्वनी लेखा यन्त्र, ध्वनी उतार्ने यन्त्र, टेलिभिजन इमेज, ऐ. को ध्वनी लेखा गर्ने र ध्वनी उतार्ने यन्त्र र यस्ता यन्त्रको सहायक यन्त्रः– | |
| | ९२–१ | सबै प्रकारका वाद्य यन्त्र (मादल बाहेक) र पार्टपूर्जा | २० |
| | ९२–२ | ग्रामोफोन, भिडियो र त्यस्तै यन्त्र, उपकरण र पार्टपूर्जा (रिकर्ड समेत) | २० |
| | ९२–३ | क्यासेट टेप | २० |
| ९३. | | हतियार र गोली गट्ठा र यिनका पार्टपूर्जाः– | |
| | ९३–१ | सबै किसिमका हात हतियार गोली गट्ठा र पार्टपूर्जा | २० |
| ९४. | | फर्निचर र फर्निचरको पार्टपूर्जा, बेडिङ्ग मेट्रेस र मेट्रेस सपोर्ट, कुशन र त्यस्तै गद्दादार सामानहरूः– | |
| | ९४–१ | सबै किसिमको फर्निचर (औषधि उपचार सम्बन्धी बाहेक) | १० |
| | ९४–२ | औषधि उपचार सम्बन्धी सबै प्रकारको फर्निचर | माफी |
| | ९४–३ | बेडिङ्ग, मेट्रेस सपोर्ट, कुशन र यस्तै गद्दादार सामान | २० |
| ९५. | | बुट्टा काटिएको र ढालिएको वस्तुहरूः– | |
| | ९५–१ | कछुवा, हस्तीहाड, हाड, सिंग, मुगा र त्यस्तै पशुजन्य कुँदने वस्तुबाट बनेको सामान | १५ |
| | ९५–२ | खनिज तथा वनस्पतिजन्य र अन्य वस्तु कुँदी वा ढलान गरी बनाइएको सबै वस्तु अन्यत्र नपरेको | १५ |
| ९६. | | कुचो, बुरुस, पाउडर लगाउने पफ र चाल्नीः– | |
| | ९६–१ | सबै किसिमको कुचो, बुरुस, पाउडर लगाउने पफ र चाल्नी | १० |
| ९७. | | खेलौना, खेलकूदका सामान र त्यसका पार्टपूर्जाः– | |
| | ९७–१ | सबै किसिमका खेलौना, खेलकूदका सामान र त्यसका पार्टपूर्जा | १० |
| | ९७–२ | खेल्ने तास | १० |
| ९८. | | विविध तयारी सामग्रीहरु :– | |
| | ९८–१ | धुम्रपानको पाइप लाइटर पार्टपूर्जा | २० |
| | ९८–२ | सबै किसिमको फस्नर र पार्टपूर्जा | २० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ९८–३ | सबै किसिमको कलम, पेन्सील (सीसाकलम र त्यस्तै अन्य समेत) निब, स्लेट र बोर्ड | ५ |
| ९८–३क | खरि र चक | ५ |
| ९८–४ | नम्बर, मिति, सिल गर्ने र त्यस्तै हातले छाप्ने सामानहरू | १५ |
| ९८–५ | सिल गर्ने मैन र त्यस्तै वस्तुहरू | १० |
| ९८–६ | थर्मस र पार्टपूर्जा | १० |
| ९८–७ | टाइपराइटरको रिबन र सोको मसीको बट्टा | १० |
| ९८–८ | टाँक र त्यस्तै सामान र पार्टपूर्जा | १० |
| ९८–९ | अक्षर छर्ने पक्का र त्यस्तै वस्तु र विज्ञापनमा राखिने मूर्तिहरू | २० |
| ९८–१० | काइयो | १५ |
| ९९. | कलाकृति, कलात्मक संग्रह र पुरातात्विक वस्तुः– | |
| ९९–१ | कलाकृति | १० |
| ९९–२ | हुलाक टिकट, टाँचा र त्यस्तै टिकट प्रयोग भैसकेको वा प्रकाशनमा नआएको | माफी |

## अनुसूची–७

## हवाई उडान कर

आ. व. २०४३।४४ देखि प्रति हवाई यात्रुबाट देहायबमोजिम हवाई उडान कर लगाई असूल उपर गरिनेछ ।

| आन्तरिक उडानतर्फ | हवाई उडान करको दर |
|---|---|
| (क) भद्रपुर, विराटनगर, राजविराज, जनकपुर, सिमरा, भरतपुर, पोखरा, सिद्धार्थनगर र काठमाडौंबाट उडान गर्नेमा | रू. ३०।– प्रति यात्रु |
| (ख) नेपालगञ्ज, दाङ, धनगढी र महेन्द्रनगरबाट उडान गर्नेमा | रू. २०।– प्रति यात्रु |
| (ग) बाँकी अन्य स्थानहरूबाट उडान गर्नेमा | रू. १०।– प्रति यात्रु |
| **अन्तर्राष्ट्रिय उडानतर्फ** | |
| अधिराज्य बाहेक अन्य जुनसुकै मुलुकको लागि उडान गर्नेमा | रू. १५०।– प्रति यात्रु |



205 0P4

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–८

आयकर

(क) आयकर लाग्ने दरः–

व्यक्ति, दम्पति वा परिवार तथा साझेदारी फर्म, प्रा. लि. कम्पनी, संस्था र अस्थायी बासिन्दाको लागिः–

| | | |
|---|---|---|
| पहिलो रू. | ५,०००।– मा | १० प्रतिशत |
| त्यसपछिको रू. | ५,०००।– मा | १५ प्रतिशत |
| त्यसपछिको रू. | १०,०००।– मा | २० प्रतिशत |
| त्यसपछिको रू. | १५,०००।– मा | २५ प्रतिशत |
| त्यसपछिको रू. | १५,०००।– मा | ३० प्रतिशत |
| त्यसपछिको रू. | ३०,०००।– मा | ४० प्रतिशत |
| त्यसपछिको रू. | २,००,०००।– मा | ५० प्रतिशत |
| त्यसपछि जतिसुकै भए पनि | | ५५ प्रतिशत |

(ख) देहायको अवस्थामा निम्नबमोजिम हुनेछः–

(१) व्यक्तिको लागि रू. १५,०००।– (पन्ध्र हजार रूपैयाँ) र दम्पति वा परिवारको लागि रू. २०,०००।– (बीस हजार रूपैयाँ) आयकर नलाग्ने छुटको सीमा दिई त्यसपछि खण्ड (क) बमोजिम आयकर निर्धारण गरिनेछ ।

(२) अस्थायी बासिन्दाको आयमा खण्ड (क)मा उल्लेख भएको दर अनुसार लाग्ने करको रकममा १२ (बाह्र) प्रतिशत थप कर लाग्नेछ ।

तर अन्तर्राष्ट्रिय बोलपत्रद्वारा लिइएको ठेक्कामा थप कर लाग्ने छैन ।

(३) सेक्युरिटी खरिद बिक्री केन्द्रमा शेयर सूचीकरण भएका कम्पनी तथा सरकारी संस्थानहरू बाहेकका साझेदारी फर्म, प्रा. लि. कम्पनी, संस्था र अस्थायी बासिन्दालाई आयको छुटको सीमा नदिई पूरै खुद आयमा खण्ड (क) बमोजिम आयकर निर्धारण गरिनेछ ।

(४) माथि दफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून-बमोजिम दर्ता भएको घरेलु तथा ग्रामीण उद्योगको आयमा उपर्युक्त बमोजिम व्यक्तिको आयको छुटको सीमा दिई त्यसपछि खण्ड (क) बमोजिम आयकर निर्धारण गरिनेछ ।



४९० २०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) एकलौटी व्यापारिक फर्म वा उद्योगको मालिकलाई निजको वैवाहिक स्थिति अनुसार माथि दफा (१) बमोजिम छुटको सीमा दिई आयकर निर्धारण गरिनेछ ।

(६) २०४३ साल श्रावण १ गतेपछि आय वर्ष समाप्त भै पेश हुने उद्योग, व्यापार पेशा, व्यवसायको आय विवरणमा प्रचलित कानून बमोजिम अनिवार्य रूपमा लेखा राखी लेखा परीक्षण गराउनु पर्ने करदाता बाहेक अन्य करदाताको लेखाको आधारमा आयकर निर्धारण हुँदा लाग्ने करको ५ (पाँच) प्रतिशत छुट दिइनेछ ।

## अनुसूची – ९

## सवारी साधन कर

| सवारीको किसिम | वार्षिक करको दर | |
|---|---|---|
| | निजी | भाडामा रहेको |
| १. कार, जीप, भ्यान | | |
| १३०० सी. सी. सम्मको | रू. ३।– | प्रति१० सी. सी. रू. ६१०।– |
| १३०१ सी. सी. देखि २००० सी. सी. सम्मको | रू. ३।७५ | प्रति १० सी. सी. रू. ९४०।– |
| २००१ सी. सी. देखि २९०० सी. सी. सम्मको | रू. ४।५० | प्रति १० सी. सी. रू. १३२५।– |
| २९०१ सी. सी. देखि माथि | रू. ६।– | प्रति१०सी.सी. रू. १८२५।– |
| २. ट्रक | रू. ४०००।– | रू. ४५००।– |
| ३. बस | रू. २८००।– | रू. ४०००।– |
| ४. मिनीबस | रू. १७००।– | रू. २२५०।– |
| ५. अटोरिक्सा, थ्री ह्वीलर, टेम्पो ट्रेक्टर | रू. २२५।– | रू. ३३५।– |
| ६. मोटर साइकल १५० सी. सी. सम्मको | रू. ५५।– | रू. ७०।– |
| ७. मोटर साइकल १५० सी. सी.भन्दा माथि | रू. ८०।– | रू. ११०।– |

८. डिजेलबाट चल्ने निजी कार, जीप भ्यानमा माथि उल्लेखित सवारी साधन करको साथै देहायबमोजिम अतिरिक्त सवारी साधन कर लगाइनेछ ।

१३०० सी. सी. सम्मको मा थप कर रू. ५००।–

१३०१ सी. सी. देखि २००० सी. सी. सम्ममा थप कर रू. १०००।–



४९९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२००१ सी. सी. देखि २९०० सी. सी. सम्ममा थप कर रू. १५००।–

२९०१ सी. सी. देखि माथिको मा थप कर रू. २०००।–

तर, नेपाल अधिराज्यमा दर्ता भै भाडामा चल्ने ट्रक, बस र मिनीबसलाई प्रमाणित मोडेलको आधारमा प्रत्येक वर्षका लागि लाग्ने सवारी साधन करको ५ (पाँच) प्रतिशतले छुट दिइनेछ। यस्तो छुटको सीमा ४० (चालीस) प्रतिशतभन्दा बढी हुने छैन।

अनुसूची –१०

मनोरञ्जन करको दर

| श्रेणी | साधारणतर्फ | विद्यार्थी सहूलियततर्फ |
|---|---|---|
| (क) ड्रेस सर्कल | रू. ८।– | रू. ५।०३ प्रति टिकट |
| (ख) बल्कोनी | रू. ६।७५ | रू. ३।१० ” ” |
| (ग) स्पेशल वा रियर बल्कोनी | रू. ५।५० | रू. १।९७ ” ” |
| (घ) पहिला श्रेणी | रू. ३।– | रू. १।५१ ” ” |
| (ङ) दोस्रो श्रेणी | रू. १।७५ | रू. १।१६ ” ” |
| (च) तेस्रो श्रेणी वा फ्रण्ट | रू. –।५० | रू. –।३७ ” ” |

तर, उपर्युक्त दरहरूमा काठमाडौं उपत्यकाबाहिरको चलचित्र प्रदर्शनमा २० (बीस) प्रतिशत छुट हुनेछ।

अनुसूची – ११

रजिष्ट्रेशन दस्तुर

१. तीन पुस्ताभित्रको नातेदारलाई हालैदेखिको बकसपत्र लिखत गर्दा देहायबमोजिम दस्तुर लाग्नेछः–

(क) रू. ५,०००।– सम्मको बिगोमा एकमुष्ट रू. १००।–

(ख) रू. ५,०००।– भन्दा माथि रू. ५०,००० सम्मको बिगोमा २ प्रतिशत

(ग) रू. ५०,०००।– भन्दा माथि जतिसुकैको बिगोमा ५ प्रतिशत

२. नेपाल अधिराज्यभरको अंशबण्डा र अंश बुझेको भर्पाइको लिखतमा देहायबमोजिम दस्तुर लाग्नेछः–

(क) रू. ५०,०००।– सम्मको बिगोमा एकमुष्ट रू. ५०।–

(ख) रू. ५०,०००।– भन्दा माथि रू. २,००,०००।– सम्मको बिगोमा १ प्रतिशत

(ग) रू. २,००,०००।– भन्दा माथि जतिसुकैको बिगोमा २ प्रतिशत

३. अन्य प्रकारको लिखतहरूमा आर्थिक ऐन, २०४२ बमोजिम रजिष्ट्रेशन दस्तुर लगाई असूल उपर गरिनेछ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



२९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विकासमा रू. ५३ करोड ७० लाख र अन्य सामाजिक सेवाहरूमा रू. १० करोड ८५ लाख छुट्याइएका छन्।

४.३ देशको राष्ट्रिय उत्पादनको ६० प्रतिशत भाग कृषि क्षेत्रबाट प्राप्त हुन्छ। यस क्षेत्रको विकासबाट नै जनजीवनस्तर माथि उठाउन सम्भव हुन्छ। तर यस क्षेत्रमा भएको ठूलो लगानीको बाबजूद पनि कृषि अझै मौसममा निर्भर हुन गई उत्पादनमा स्थायित्व तथा गति आउन सकेको छैन। पानी, मल, बीउ र प्रविधिको समुचित उपयोगबाट कृषिको उत्पादकत्व प्रशस्त मात्रामा बढाउन सकिने गुञ्जायस भएको अनुसन्धानबाट प्रमाणित भइसकेको छ। आगामी वर्ष सिंचित क्षेत्रमा र सिंचाइ गर्न सकिने सम्भावना भएको क्षेत्रमा समयमा नै कृषि सामग्रीहरू तथा प्रविधिलाई सघन रूपले कृषक स्तरमा पुन्याई उत्पादन वृद्धि गर्ने कार्यक्रम राखिएको छ। सिंचाइ आयोजनाहरूको नहर सञ्चालन, मर्मत तथा सम्भार गर्ने कार्यमा विशेष जोड दिइएको छ। यी कार्यहरू उपभोक्ता समूहबाटै गराउनेतर्फ प्रभावकारी कदम चालिनेछ। बैङ्कको ऋणबाट स्यालो टचूबवेल जडान गर्न कृषकहरूलाई अनुदान दिने नीति कायम नै गरिनेछ। पशुप्रसार तथा पशुस्वास्थ्य कार्यक्रमलाई उत्पादनमूलक बनाइनेछ। पशुअनुसन्धान कार्यलाई प्रभावकारी बनाई देश सुहाउँदो उपयुक्त नश्लको विकास गरिनेछ। पशुपन्क्षी रोगलाई नियन्त्रण गर्न प्रतिकारात्मक सेवा र पशुस्वास्थ्य उपचार सेवा विस्तार गरिनेछ। शहरी क्षेत्रमा माछा, मासु, दूध, तरकारी र फलफूलको बढ्दै गएको मागलाई दृष्टिगत गरी यसको आपूर्ति बढाउन कृषकहरूलाई प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ। उन्नत बीउ बीजन पशुपन्छी तथा माछा प्रजनन, उत्पादन यथा वितरणमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ। ग्रामीण स्तरमा साझा संस्थाहरूको माध्यमबाट पनि कृषहकरूलाई आवश्यक सेवा तथा सहयोग पुन्याउने कार्यक्रमलाई प्रभावकारी बनाइनेछ। निम्न आयस्तर भएका किसानहरूको रोजगारी तथा आय वृद्धि गर्न साना किसान विकास आयोजनाको महत्वपूर्ण योगदान रही आएको छ। यो कार्यक्रमलाई विस्तार गरिनेछ। आगामी वर्ष कृषि विकास कार्यक्रमको निमित्त रू. ८७ करोड ४० लाख र सिंचाइ कार्यक्रमको लागि रू. ८५ करोड ५ लाख राखिएको छ। भूमिसुधार, साझा विकास तथा नापीसम्बन्धी कार्यक्रमहरूको लागि रू. १० करोड व्यवस्था गरिएको छ।

४.४ देशको वन सम्पदामा भैरहेको ह्रासले वातावरणमा असन्तुलन भै बाढी, पहिरो र भू-क्षय जस्ता समस्याहरू विकराल रूपमा देखा परेका छन्। काठ, दाउरा, घाँस, जडीबूटी आदि वनसम्बन्धी उत्पादनको बढ्दो आवश्यकता पूर्ति गर्नको निमित्त विशेष महत्व दिइएको छ। आगामी आर्थिक वर्ष सामुदायिक वन विकास, निजी वनविकास, भू-संरक्षण तथा वनस्पतिसम्बन्धी जडीबूटीको कार्यक्रमलाई अगाडि बढाइनेछ। वातावरणमा सन्तुलन कायम राख्ने र विभिन्न प्राकृतिक क्षेत्रहरूमा स्थापना भएका निकुञ्ज



229 ८६१
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा वन्यजन्तु आरक्षहरूमा दुर्लभ भएका वन्यजन्तुहरूको संरक्षण र सम्वर्द्धन गरिनेछ । यी कार्यक्रमहरूको निमित्त रू. ४७ करोड ४५ लाख प्रस्ताव गरेको छु ।

४.५ उद्योग तथा खानीतर्फ आगामी आर्थिक वर्ष कपास विकास आयोजना र लुम्बिनी चिनी कारखानाको कार्यान्वयन गरिनेछ र नेपालगञ्ज कागज कारखाना स्थापनाको लागि प्रारम्भिक कार्यहरूको व्यवस्था गरिनेछ । निजी क्षेत्रमा घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन गरी ग्रामीण क्षेत्रमा रोजगार र आय बढाउनुको साथै निकासीयोग्य वस्तुहरूको उत्पादन बढाउन कर्जा, तालीम र संस्थागत आधारहरू थप जिल्लाहरूमा समेत पुऱ्याउन घरेलु तथा साना उद्योग आयोजनाको दोस्रो चरण प्रारम्भ गरिनेछ । साथै मझौला र ठूला उद्योगको ऋण सहायताको लागि नेपाल औद्योगिक विकास निगम अन्तर्गत आवश्यक रकमको व्यवस्था गरिएको छ । हाल निर्माणाधीन म्याग्नेसाइट उद्योग आगामी वर्ष उत्पादनमा आउने भएको छ । पेट्रोलियम अन्वेषण आयोजनाहरूको साथै अन्य अन्वेषण कार्य जारी राखिनेछ । उद्योग र खानी विकास कार्यक्रमको लागि रू. ४४ करोड १ लाख छुट्याइएको छ ।

४.६ हाम्रो देशको विकासको परिप्रेक्षमा जलस्रोतमा आधारित विद्युत्‌को अग्रगण्य स्थान छ । यो स्रोतको विकास र उपयोगले देशको आर्थिक संरचनालाई सुदृढ गराउन महत्वपूर्ण योगदान पुऱ्याउने कुरा सर्वविदितै छ । जलस्रोत आधारित विद्युत् उत्पादन केन्द्रको निर्माणमा पूंजीगत लगानीको मात्रा वृहत् हुन्छ । आन्तरिक खपत बढाउन र निर्यातको सम्भावनालाई समेत विचार गरेर यथासम्भव सस्तो दरमा विद्युत् उत्पादन गर्नु आवश्यक छ । यसको लागि सम्भाव्य आयोजनाहरूमध्ये न्यूनतम खर्चमा कार्यान्वयन गर्न सकिने बढी क्षमताको विद्युत् उत्पादन केन्द्र स्थापनामा जोड दिइनेछ । चालू वर्ष डुम्कीबास-बुटवल र हेटौंडा-जनकपुर १३२ के.भी. प्रसारण लाइनहरू पूरा भएका छन् भने आगामी आर्थिक वर्षमा बुटवल-नेपालगञ्ज प्रसारण लाइन, दोस्रो कुलेखानी जलविद्युत् आयोजना तथा केही साना जलविद्युत् आयोजनाहरू पूरा हुनेछन् । आगामी वर्षको राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरूमा मर्स्याङदी जलविद्युत् आयोजनाको कार्यान्वयन उल्लेखनीय छ । विद्युत् क्षेत्रको लागि रू. १ अरब ८१ करोड ९१ लाख प्रस्तावित छ ।

४.७ पर्यटन उद्योगले वैदेशिक मुद्रा आर्जन गर्न र रोजगारीमा वृद्धि गर्न गरेको योगदानलाई दृष्टिगत गर्दा यो उद्योगको विस्तार तथा सम्बर्द्धन गर्दै जानु आवश्यक छ । यसको निमित्त त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विस्तार तथा गुणात्मक स्तरमा वृद्धि गर्ने कार्य भइरहेको छ । आन्तरिक हवाई सेवामा सुधार ल्याउन विमानस्थलहरूको मर्मत तथा संभारमा विशेष ध्यान दिइनेछ । पर्यटकहरूको बसाइ अवधिमा वृद्धि गर्ने दृष्टिकोणले दृश्यावलोकनको लागि उपयुक्त स्थलहरू र धार्मिक तथा सांस्कृतिक स्थल-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हरूलाई आकर्षक बनाउनेतर्फ विशेष प्रयास हुनेछ । आगामी वर्ष पर्यटन तथा हवाई यातायात विकासको निमित्त रू. २८ करोड २४ लाख छुट्याइएको छ ।

४.८ यातायाततर्फ राष्ट्रिय प्राथमिकता प्राप्त महेन्द्र राजमार्गको कोहलपुर-महाकाली खण्ड, डडेलधुरा-डोटी, डडेलधुरा-बैतडी-दार्चुला, इलाम-फिदिम, फिदिम-ताप्लेजुङ्ग मोटर बाटो र दार्चुला-टिंकर घोडेटो बाटो आयोजनाहरूको निमित्त पर्याप्त रकमको व्यवस्था गरिएको छ । यसको साथै पूरा भएका सडकहरूको मर्मत र संभारको लागि आगामी आर्थिक वर्षको निमित्त रू. ६ करोड ६७ लाख छुट्याइएको छ । आगामी आर्थिक वर्षमा सडक यातायात तथा पुलसमेतको लागि रू. १ अरब ७ करोड ७६ लाख राखिएको छ ।

४.९ सञ्चार क्षेत्रमा हुलाक सेवा विस्तारको साथै दूर सञ्चारतर्फ अधिराज्यको विभिन्न स्थानहरूमा टेलिफोन लाइन विस्तार, आन्तरिक तथा बाह्य सेवामा थप ट्रंकल र टेलेक्स सुविधाको स्थापना गर्ने आयोजना र ग्रामीण दूर सञ्चार आयोजनाको कार्यान्वयन जारी राखिनेछ । सञ्चारतर्फ यी कार्यक्रमहरूको लागि जम्मा रू. १६ करोड ४४ लाख रकम प्रस्तावित छ ।

४.१० शिक्षातर्फ प्राथमिक शिक्षामा जोड दिई साक्षरता वृद्धि गरिनेछ । साथै देशको आर्थिक विकासको लागि आवश्यक पर्ने उच्च, मध्यम र दक्ष जनशक्ति तयार गर्ने तथा शिक्षाको गुणस्तर वृद्धि गर्नेतर्फ विशेष प्रयास गरिनेछ । यी कार्यक्रमहरूको लागि रू. १ अरब ४ करोड ३८ लाख छुट्याइएको छ ।

४.११ स्वास्थ्यतर्फ एकीकृत सामुदायिक स्वास्थ्य कार्यक्रम र परिवार नियोजन तथा मातृ शिशु कल्याण कार्यक्रमहरूको अतिरिक्त अस्पतालहरूको सुदृढीकरण तथा विस्तारको साथै औलो उन्मूलन, विस्तारित खोप आदि कार्यक्रमहरू पनि जारी राखिने छन् । स्वास्थ्यसम्बन्धी कार्यक्रमहरूको निमित्त रू. ३७ करोड ६६ लाख समावेश गरिएको छ ।

४.१२ खानेपानीतर्फ विभिन्न शहरी क्षेत्रमा खानेपानी तथा ढल निकास कार्यक्रम कार्यान्वयन गरिनेछ । ग्रामीण क्षेत्रमा खानेपानी कार्यक्रम कार्यान्वयन गर्न विशेष जोड दिइएको छ । खानेपानी कार्यक्रमको लागि रू. ३४ करोड ८२ लाख छुट्याइएको छ ।

४.१३ पञ्चायत तथा स्थानीय विकास कार्यक्रम अन्तर्गत गल्हा सिंचाइ कार्यक्रम, दुर्गम क्षेत्र विकास, महिला विकास आदि कार्यक्रमहरूलाई बढी प्रभावकारी रूपमा सञ्चालन गर्न जोड दिइएको छ । यी कार्यक्रमहरूको निमित्त रू. ४८ करोड ७४ लाख प्रस्तावित छ ।



223

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.१४ यसरी साधारण र विकास गरी रू. १३ अरब ५ करोड २६ लाख खर्चमध्ये राजस्वको वर्तमान दर तथा प्रशासनिक सुधार गरी जम्मा रू. ५ अरब ४६ करोड १ लाख र वैदेशिक सहायता अनुदान तथा ऋण गरी जम्मा रू. ५ अरब ९३ करोड ७५ लाख व्यहोर्ने भई रू. १ अरब ६५ करोड ५० लाख न्यून हुनेछ।

## ५

५.१ अब म राजस्वसम्बन्धी प्रस्तावहरू पेश गर्दछु।

५.२ देशमा कुल राजस्व सङ्कलन राष्ट्रिय आयको अनुपातमा कम छ। यसो हुनुमा वर्तमान कर प्रणालीमा लोचता कम हुनाले हो। फलस्वरूप बढ्दो सरकारी खर्चको लागि साधन जुटाउन करका दरहरूमा नै वृद्धि गर्ने गरिएको छ। यसले गर्दा एकातिर हाम्रा करका दरहरू उच्चस्तरमा पुगिसकेको छ भने अर्कोतिर हाम्रो कर प्रणाली क्लिष्ट हुनुको साथै देशको साधनको उपयोगमा पनि विकृति देखिएको छ।

५.३ राजस्वसम्बन्धी यी प्रस्तावहरू तर्जुमा गर्दा राजस्वलाई मात्र दृष्टिगत नगरी व्यावहारिकता तथा वर्तमान कर प्रणालीका कमजोरीहरू केही हटाउने प्रयास गरिएको छ। कर प्रस्तावमा देहायका बुंदाहरूमा ध्यान दिइएको छः–

(क) करको परिधि विस्तार गर्ने;
(ख) कर प्रणालीमा लोचता वृद्धि गर्ने; र
(ग) कर प्रणालीमा देखिएका विकृति हटाई सुधार गर्ने।

५.४ पहिले प्रत्यक्ष करसम्बन्धी प्रस्तावहरू पेश गर्दछु।

५.५ हालसम्म पब्लिक लिमिटेड कम्पनी तथा सङ्गठित संस्थाहरूले गरेको मुनाफामा आयकर लगाउँदा व्यक्तिहरूलाई सरह प्रगतिशील दरमा आयकर लगाउने गरिएको छ। आगामी वर्षदेखि सेक्युरिटी खरिद बिक्री केन्द्रमा सूचीकरण भएका कम्पनी तथा सरकारी संस्थानहरूलाई साविकको आयकर दरको बदला तिनीहरूको खुद आयमा समदरले ४० चालीस प्रतिशत कर्पोरेट आयकर लगाउने व्यवस्था गरिएको छ। यस व्यवस्थाबाट कम्पनीहरूलाई मुनाफाको बढी भाग कम्पनीकै विकासमा लगाउन प्रोत्साहन हुने भई कम्पनीहरूको सुदृढीकरण हुने आशा राखेको छु।

५.६ कर्पोरेट आयकर लाग्ने कम्पनी तथा संस्थाहरूले लाभांश वितरण गर्दाको अवस्थामा लाभांश आयकर बापत २० प्रतिशतले अग्रिम कट्टा गरी राख्नु पर्नेछ। यसरी अग्रिम कट्टा गरेको रकम लाभांश प्राप्त गर्ने शेयरहोल्डरको लाभांश समेतको अन्य स्रोतको आयमा जोडी हुने आयमा लाग्ने आयकरबाट कट्टा गरिनेछ।

५.७ कम्पनी, फर्म र अस्थायी बासिन्दाको लागि छुट्टै र व्यक्तिहरूको लागि छुट्टै दरमा आयकर लगाउनुको कुनै औचित्य नदेखिएकोले कर्पोरेट आयकर तिर्ने कम्पनी वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| १.१.४.८ | | सवारी साधन कर | २,००,०० | १०,०० | २,१०,०० |
| १.१.४.९ | (क) | ब्याजकर | २,००,०० | २,००,०० | ४,००,०० |
| १.१.५.० | दस्तूर, दण्ड जरीवाना र जफत | | २३,०१,२५ | × | २३,०१,२५ |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तूर | ६१,२५ | × | ६१,२५ |
| १.१.५.३ | | बन्दूक, पिस्तोल रजिष्ट्रेशन दस्तूर | २०,०० | × | २०,०० |
| १.१.५.४ | | सवारी इजाजत दस्तूर | ६०,०० | × | ६०,०० |
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरीवाना तथा जफत | २,००,०० | × | २,००,०० |
| १.१.५.६ | | प्रशासनिक दस्तूर, दण्ड जरीवाना तथा जफत | १९,००,०० | × | १९,००,०० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तु-हरूको बिक्रीबाट प्राप्त आय | | ३०,५५,०० | × | ३०,५५,०० |
| १.१.६.१ | | पिउने पानी महसूल | १५,०० | × | १५,०० |
| १.१.६.२ | | पानीपोत | १५,०० | × | १५, ०० |
| १.१.६.३ | | विद्युत महसूल | ५०,०० | × | ५०,०० |
| १.१.६.४ | | हुलाक सेवा | ४,५०,०० | × | ४,५०,०० |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | ५,२५,०० | × | ५,२५,०० |
| १.१.६.६ | | शिक्षा क्षेत्रको आय | १,००,०० | × | १,००,०० |
| १.१.६.७ | | वन क्षेत्रको आय | ८,००,०० | × | ८,००,०० |



१३४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.११ घरेलु तथा ग्रामीण उद्योगहरूले वार्षिक रू. १ लाखसम्म मूल्यको वस्तु उत्पादन गरी बिक्री गरी आर्जन गरेको आयमा जतिसुकै मुनाफा गरेमा पनि आयकर नलाग्ने व्यवस्था गरिएको छ।

५.१२ करदाताहरूलाई आफ्नो आयको हिसाब किताब राख्न प्रोत्साहन गर्ने उद्देश्यले हिसाब किताब राखी कर निर्धारण गराउने व्यक्ति तथा साझेदारी फर्मलाई हाल आयकर रकमको ३ प्रतिशत छुट दिएबाट सकारात्मक असर परेको देखिएको छ। यसलाई अझै प्रोत्साहित गर्न हिसाब किताब राखी कर निर्धारण गराउने करदातालाई आगामी वर्षदेखि बुझाउनु पर्ने आयकर रकममा ५ प्रतिशत छुट दिने व्यवस्था गरिएको छ।

५.१३ आयकरसम्बन्धी अरू व्यवस्था यथावत कायम नै राखिएको छ। उपर्युक्त परिवर्तनहरूबाट रू. ६ करोड ३५ लाख थप राजस्व सङ्कलन हुने अनुमान छ।

५.१४ मालपोततर्फ अधिराज्यभर २० रोपनी वा १॥ बिगाहासम्म जग्गा हुने जग्गा धनीलाई साना किसान मानी मलपोतमा ६६ प्रतिशत छुट दिई आएकोमा सरलीकरणको लागि यस्ता जग्गाधनीहरूबाट रू. १।– मालपोत बुझाउनु पर्ने व्यवस्था गरिएको छ।

५.१५ लिखत रजिष्ट्रेशनतर्फ तीन पुस्ताभित्रको नातेदारलाई बकसपत्रको लिखत पारित गर्दा र अरूलाई गरेको बकसपत्र लिखत पारित गर्दा पनि एउटै दरमा रजिष्ट्रेशन दस्तूर लाग्ने गरिएकोमा सामाजिक न्यायको दृष्टिकोणले उचित नदेखिएकोले तीन पुस्ताभित्रको नातेदारको बकसपत्र लिखतमा देहायबमोजिमको रजिष्ट्रेशन दस्तूर लाग्ने व्यवस्था गरिएको छः–

(क) रू. ५,००० सम्मको थैलीमा — रू. १००।–

(ख) रू. ५,००० देखि माथि ५०,००० सम्मको थैलीमा — २ प्रतिशत

(ग) रू. ५०,००० देखि माथि जतिसुकैको थैलीमा — ५ प्रतिशत

५.१६ अंशबण्डाको लिखत रजिष्ट्रेशन पारित गर्दा हाल लागी आएको रजिष्ट्रेशन दस्तूर दर बढी भयो भन्ने धारणालाई ध्यानमा राखी देहाय बमोजिमको रजिष्ट्रेशन दस्तूर दर कायम गरिएको छः–

(क) रू. ५०,००० सम्मको बिगोमा — रू. ५०।–

(ख) रू. ५०,००० देखि माथि रू. २,००,००० सम्मको बिगोमा — १ प्रतिशत

(ग) रू. २,००,००० देखि माथि जतिसुकैमा — २ प्रतिशत

५.१७ मोही लागेको जग्गा राजिनामा र बकसपत्र गर्दा तोकिएको रजिष्ट्रेशन दस्तूरमा २५ प्रतिशत छुट दिने व्यवस्था गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.१८ लिखत पारित गर्दा थैली कम लेख्ने, चलन चल्तीको मूल्य र लिखतमा देखाउने मूल्यमा धेरै अन्तर भै रजिष्ट्रेशन दस्तूरबाट प्राप्त हुनुपर्ने वास्तविक राजस्व प्राप्त हुनसकेको छैन । तसर्थ रजिष्ट्रेशन गरिने लिखतहरूमा थैली अङ्क कायम गर्ने प्रयोजनको लागि सम्बन्धित क्षेत्रको जग्गा जमिनको चलन चल्तीको मूल्यको आधारमा न्यूनतम मूल्य तोक्ने व्यवस्था गरिनेछ । यसबाट थप रू. १ करोड ५० लाख राजस्व सङ्कलन हुने अनुमान छ ।

५.१९ मैले उल्लेख गरेका परिवर्तनहरू बाहेक मालपोत, भूमिकर र रजिष्ट्रेशन दस्तूरको दरको सम्बन्धमा हाल रहेको व्यवस्थालाई यथावत नै कायम राखिएको छ ।

५.२० सवारी साधन करतर्फ निजी सवारी साधनमा हाल लागी आएको सवारी साधन करमा निम्न बमोजिम कर दर परिवर्तन गरी आगामी वर्षदेखि असूल गरिनेछ । तर भाडाका सवारी साधनमा भने केही परिवर्तन गरिएको छैन ।

| सवारीको किसिम | करको दर | |
|---|---|---|
| १. कार, जीप र भ्यान | | |
| १३०० सी. सी. सम्म | रू. ३।– | प्रति १० सी. सी. |
| १३०१ सी. सी. देखि २००० सी. सी. सम्म | रू. ३।७५ | " " |
| २००१ सी. सी. देखि २६०० सी. सी. सम्म | रू. ४।५० | " " |
| २६०१ सी. सी. देखि माथि | रू. ६।– | " " |
| २. मोटर साइकल १५० सी. सी. सम्म | रू. ५५।– | |
| ३. मोटर साइकल १५० सी. सी. भन्दा माथि | रू. ८०।– | |

डिजेलबाट चल्ने निजी कार, जीप भ्यानको हकमा माथि उल्लेखित सवारी साधन करको साथै देहाय बमोजिम अतिरिक्त सवारी साधन कर लगाइएको छ ।

| | | |
|---|---|---|
| १३०० सी. सी. सम्मकोमा | अतिरिक्त कर | रू. ५००।– |
| १३०१ सी. सी. देखि २००० सी. सी. सम्ममा | " " | रू. १०००।– |
| २००१ सी. सी. देखि २६०० सी. सी. सम्ममा | " " | रू. १५००।– |
| २६०१ सी. सी. देखि माथिमा | " " | रू. २०००।– |

५.२१ अरू सवारी साधन कर यथावत राखिएको छ । यस परिवर्तनबाट थप रू. १० लाख राजस्व संकलन हुने अनुमान छ ।

५.२२ आगामी आर्थिक वर्षदेखि हाल लागी आएको आय टिकट दस्तूर खारेज गरिएको छ । यसबाट रू. २५ लाख राजस्व घट्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.२३ हवाई उडानतर्फ आगामी वर्षदेखि प्रति हवाई यात्रु देहाय बमोजिम हवाई उडान कर लगाई असूल उपर गरिनेछ।

| आन्तरिक उडानतर्फ | हवाई उडान करको दर |
|---|---|
| (क) भद्रपुर, विराटनगर, राजविराज, जनकपुर, सिमरा, भरतपुर, पोखरा, सिद्धार्थनगर र काठमाडौं | रू. ३०।– प्रति यात्रु |
| (ख) नेपालगञ्ज, दाङ, धनगढी र महेन्द्रनगर | रू. २०।– प्रति यात्रु |
| (ग) बाँकी अन्य स्थानहरूमा | रू. १०।– प्रति यात्रु |
| **अन्तर्राष्ट्रिय उडानतर्फ** | |
| अधिराज्यबाहेक अन्य जुनसुकै मुलुकमा | रू. १५०।– प्रति यात्रु |

५.२४ उपर्युक्त परिवर्तनहरूबाट रू. १ करोड ४० लाख थप राजस्व संकलन हुने अनुमान छ। हवाई उडान कर सम्बन्धी अरू व्यवस्था यथावत कायम राखिएको छ।

५.२५ अब म अप्रत्यक्ष कर सम्बन्धी प्रस्ताव पेश गर्दछु।

५.२६ भंसार महसुल दरहरू परिवर्तन गर्दा केन्द्रीय टेरिफ बोर्डले दिएको सुझावहरूलाई ध्यानमा राखेको छु। साथै भंसार दरबन्दीलाई सरलीकरण गर्ने तथा विभिन्न स्रोतहरूबाट आयात गर्दा विभिन्न दरमा पैठारी महसुल लाग्ने गरेकोलाई यथासम्भव एकै किसिमको दर कायम गर्ने प्रति ध्यान पुऱ्याएको छु।

५.२७ निर्यात प्रोत्साहन गर्ने उद्देश्यले निर्यात महसुलमा दिई आएको भंसार सुविधा कायमै राखेको छु। तर वन जङ्गलको संरक्षणको लागि तथा वन पैदावारको अतिरिक्त आवश्यकता पूरा गर्नेतर्फ नै बढी ध्यान दिनु पर्ने देखिएकोले गोलिया लकडी, चिरानी काठ, कत्थाको निकासीमा केही महसुल वृद्धि गरेको छु।

५.२८ हालै अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा आएको ह्रासबाट विदेशी मुद्राको खर्चमा केही बचत हुनुको साथै पेट्रोलियम पदार्थको पैठारी लागतमा पनि केही कमी हुने भएको छ। यसबाट विगत वर्षहरूमा पेट्रोलियम पदार्थको कारोबारमा भएको नोक्सानी पूर्ति गर्न सकिने देखिएकोले पेट्रोल, डिजेल र लुब्रिकेन्टसमा केही भंसार महसूल वृद्धि गरेको छु। यसबाट यी पदार्थको बिक्री मूल्यमा भने वृद्धि हुने छैन।

५.२९ भीडीओ डेक, सिन्थेटिक धागो जस्ता केही वस्तुहरूमा भंसार महसुल वृद्धि गरेको छु।

५.३० संशोधित भंसार महसुल दरहरू अनुसूची १, २, ३ र ४ मा दिइएको छ। यी दरहरू आजैदेखि लागू हुनेछन्। उपर्युक्त परिवर्तनहरूबाट १९ करोड ५० लाख थप राजस्व संकलन हुने अनुमान छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.३१ यी उल्लेखित परिवर्तनहरू बाहेक अरू भंसार दर साबिक अनुसार कायम राखिएको छ ।

५.३२ अब म आजैदेखि लागू हुने गरी अन्तःशुल्क सम्बन्धी प्रस्तावहरू पेश गर्दछु ।

५.३३ चामल र खानेतेल मिलहरूमा ३० अश्वशक्तिसम्मका लागि मात्र समदरको आधारमा र त्यसभन्दा बढी अश्वशक्ति भएका मिलहरूमा उत्पादनका आधारमा अन्तःशुल्क लगाउने गरिएकोमा आगामी आर्थिक वर्षदेखि सबै चामल र खानेतेल मिलहरूमा समदरको आधारमा अन्तःशुल्क असूल उपर गर्ने व्यवस्था गरेको छु ।

५.३४ सर्वसाधारण जनताले प्रयोग गर्ने आलमोनियमका भाँडाहरू र निर्माण कार्यमा लाग्ने एस्वेस्टस सिमेण्टका सामानहरूमा लागेको अन्तःशुल्क खारेज गरेको छु । त्यस्तै घरेलु स्तरमा बढी सञ्चालन हुने उद्योगहरूले उत्पादन गर्ने स्क्वास र स्क्वास जस्तै पेय पदार्थ, जाम जेली, मार्मलेड जस्ता वस्तुहरू तथा अन्य केही वस्तुहरूमा पनि हाल लागेको अन्तःशुल्क हटाइ दिएको छु ।

५.३५ समाजका सक्षम वर्गले उपभोग गर्ने कोकोकोला, पेप्सीकोला, स्प्राइट, लेमू जस्ता केही वस्तुहरूमा अन्तःशुल्कको दर बढाएको छु । साथै स्वास्थ्य र सामाजिक जीवनमा प्रतिकूल असर पर्ने वियर र मदिरा जस्ता वस्तुहरूमा केही अन्तःशुल्कको दर वृद्धि गरेको छु ।

५.३६ संशोधित अन्तःशुल्क दरबन्दी अनुसूची ५ मा दिइएको छ । उपर्युक्त व्यवस्थाबाट रू. २ करोड २० लाख थप राजस्व संकलन हुने अनुमान छ ।

५.३७ हाल विक्रीकरको १७ दरहरू छन् । यसको अतिरिक्त विभिन्न वस्तुहरूलाई विभिन्न दरले वितरण खर्च बापत मार्कअप गर्ने गरिएकोले वास्तविक विक्रीकर वस्तुपिच्छे फरक फरक रहिआएको छ । साथै उही वस्तुहरूलाई पैठारीमा एक दर र आन्तरिक उत्पादनलाई अर्को दर गर्ने गरिएकोले स्वदेशी उद्योगले कति संरक्षण पाएको छ भन्ने लेखाजोखा गर्न पनि कठिनाई भएको छ । यसकारण विक्रीकरलाई सरलीकरण गर्न आजैदेखि लागू हुने गरी ५, १०, १५ र २० प्रतिशत गरी जम्मा चार किसिमका विक्रीकर दर मात्र कायम हुने गरी दरबन्दी मिलाएको छु । आन्तरिक उत्पादनमा विक्रीकर लगाउँदा मार्कअप गर्ने व्यवस्था खारेज गरेको छु ।

५.३८ सर्वसाधारणले प्रयोग गर्ने स्वदेशमा नै उत्पादन हुने सूती कपडामा विक्रीकर पूर्णरूपले छुट दिने व्यवस्था गरेको छु ।

५.३९ आगामी वर्षदेखि टेलिफोन र तत्सम्बन्धी सेवामा ५ प्रतिशत बिक्रीकर लगाउने व्यवस्था गरेको छु ।



225

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.४० संशोधित बिक्रीकरका दरहरू अनुसूची ६ मा दिइएको छ । उपर्युक्त परिवर्तनहरूबाट रु. १० करोड ६० लाख राजस्व संकलन हुने अनुमान छ ।

५.४१ यसमा उल्लेखित परिवर्तनहरू बाहेक बिक्रीकर सम्बन्धी अरू व्यवस्था यथावत कायम राखिएको छ ।

५.४२ हालसम्म सिनेमाहरूको लागि मनोरञ्जन कर प्रवेश शुल्क रकमको आधारमा लगाई आएकोमा आगामी वर्षदेखि प्रवेश शुल्कको आधारमा नलगाई निम्न बमोजिम मनोरञ्जन कर लगाई असूल गरिनेछः—

| | | | |
|---|---|---|---|
| (क) | ड्रेस सर्कल | रु. ८।— | प्रति टिकट |
| (ख) | बल्कोनी | रु. ६।७५ | " |
| (ग) | स्पेशल | रु. ५।५० | " |
| (घ) | पहिलो श्रेणी | रु. ३।— | " |
| (ङ) | दोस्रो श्रेणी | रु. १।७५ | " |
| (च) | तेस्रो श्रेणी | रु. ।५० | " |

उपर्युक्त प्रस्तावित दरमा काठमाडौं उपत्यका बाहेक अन्य जिल्लामा साविक बमोजिम २० प्रतिशत छुट कायमै राखिएको छ ।

५.४३ यसबाट रु. १० लाख थप राजस्व संकलन हुने अनुमान छ । मनोरञ्जन कर सम्बन्धी अरू व्यवस्था यथावत कायमै राखिएको छ ।

५.४४ माथि उल्लेखित कर परिवर्तनहरू बाहेक अरू करहरू यथावत कायम राखिएको छ ।

मैले अघि आगामी आर्थिक वर्ष २०४३।४४ को आय व्यय विवरण पेश गर्दा जम्मा रु. १ अरब ६५ करोड ५० लाख न्यून हुने उल्लेख गरेको थिएँ । त्यसमध्ये कर परिवर्तनबाट रु. ४१ करोड ५० लाख प्राप्त हुने भै अब रु. १ अरब २४ करोड न्यून रहन आउने छ । यसलाई गैह्र बैंकिङ्ग क्षेत्रबाट रु. ४४ करोड र बैंकिङ्ग क्षेत्रबाट रु. ८० करोड आन्तरिक ऋण उठाई पूर्ति गर्ने प्रस्ताव गरेको छु ।

## ६

६.१ श्री ५ को सरकारले सामना गर्नुपरेका समस्याहरूमा राजस्व र खर्चमा असन्तुलन भै बढ्दो बजेट घाटा र व्यापारमा भएको असन्तुलनले विदेशी मुद्राको संचयमा भएको ह्रास र मुद्रा प्रदाय र मूल्य स्फितिमा परेको चाप नै आजको मुख्य समस्या हो । यो समस्याको निराकरणको एक मात्र उपाय उत्पादनमा वृद्धि गरी आपूर्ति स्थितिलाई सुदृढ गर्नु हो । यही नै आज हाम्रो अगाडि चुनौति छ । प्रस्तुत आय-व्यय विवरणमा अपनाइएको नीति र कार्यक्रमले यस चुनौतिलाई सामना गरी अर्थतन्त्रको गति सही दिशातर्फ लैजाने कुरामा म विश्वस्त छु ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.२ जनताको बढ्दो आकांक्षालाई परिपूर्ति गर्दै लग्ने क्रममा हाम्रा विकास कार्यहरू परिलक्षित छन् । यी कार्यहरूको सफल कार्यान्वयनको निमित्त आवश्यक साधन जुटाउन आन्तरिक साधन बढी मात्रामा परिचालन गर्ने प्रयास गरिएको छ । तर आजको परिप्रेक्षमा आन्तरिक साधनले मात्र हाम्रा सम्पूर्ण विकास कार्यक्रमहरू संचालन हुन नसक्ने तथ्यलाई दृष्टिगत गरी विकास कार्य संचालनमा साधनको कमी हुन नदिन वाह्य साधन परिचालनमा पनि विशेष प्रयत्न गरिनेछ । यस परिप्रेक्षमा विश्व बैंकको संयोजकत्वमा गठन भएको नेपाल सहायता समूहको महत्वपूर्ण भूमिका रहेको छ । गत माघ महिनामा जापान सरकारको सौहार्दतामा टोकियोमा भएको यस समूहको छैठौं बैठकमा नेपालको विकास प्रयासमा बढी मात्रामा सहयोग उपलब्ध हुने आश्वासन प्राप्त भएको छ । यस अवसरमा हाम्रो विकास कार्यमा आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने सबै मित्र राष्ट्र तथा अन्तर्राष्ट्रिय संस्थाहरूलाई श्री ५ को सरकारको तर्फबाट म आभार व्यक्त गर्दछु ।

६.३ दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्थाले पच्चीस वर्ष पूरा गरी देशमा राजनैतिक स्थायित्व ल्याइसकेको छ । आर्थिक विकासतर्फ भने हामीले अझ धेरै गर्न बाँकी नै छ । यसै तथ्यलाई महसूस गरिबक्सी श्री ५ महाराजाधिराज सरकारबाट आगामी पन्ध्र वर्षभित्र नेपाली जन-जीवन स्तरलाई एशियाली मापदण्डमा उकास्ने आह्वान गरिबक्सेको छ । यस लक्ष्य हासिल गर्ने क्रममा आगामी आर्थिक वर्षको कार्यक्रमले केही पूर्वाधार सृजना गर्नमा सहायकसिद्ध हुनेछ भन्ने विश्वास लिएको छु । यो पुनित कार्यमा सबै नेपालीहरूको सहयोग र विशेष गरी माननीय सदस्यहरूको सक्रिय सहयोगको अपेक्षा गर्दछु ।



२३९
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## आय-व्ययको विवरण

रू. हजारमा

| २०४१।४२ को यथार्थ | विवरण | २०४२।४३ को संशोधित अनुमान | २०४३।४४ को अनुमान |
|---|---|---|---|
| ८,३६,४६,४६ | कुल खर्च | ९,५६,५३,०४ | १३,०५,२६,३० |
| २,९०,९१,५३ | साधारण तर्फ | ३,६०,२७,१० | ४,३०,७०,९६ |
| ५,४८,८७,९३ | विकास तर्फ | ५,९६,२५,९४ | ८,७४,५५,३४ |
| | खर्च व्यहोर्ने स्रोतहरू | | |
| ३,९१,६६,४७ | राजस्वबाट | ४,६२,४६,६८ | ५,८७,५१,२५ |
| | आयको वर्तमान स्रोतबाट | | ५,४६,०१,२५ |
| | कर परिवर्तनबाट | | ४१,५०,०० |
| ९२,३४,४७ | विदेशी सहायता (अनुदान) | १,३८,०८,२४ | २,३७,४३,१४ |
| ७५,६९,३३ | द्वि पक्षीय | १,१६,२०,५२ | १,९६,०६,७२ |
| १६,६५,१४ | बहु पक्षीय | २१,८७,७२ | ४१,३६,४२ |
| −३,५५,४८,५२ | बचत (+) वा न्यून (−) | −३,५८,९८,१२ | −४,८०,३१,९१ |
| | न्यून पूर्ति गर्ने स्रोतहरू | | |
| १,७५,४६,२४ | विदेशी सहायता (ऋण) | २,२२,४८,८२ | ३,५६,३१,९१ |
| ३९,९३,५६ | द्वि पक्षीय | ३६,८९,२५ | ४०,९७,६२ |
| १,३५,५५,६८ | बहु पक्षीय | १,८५,५९,५७ | ३,१५,३४,२९ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| १,७६,६६,२८ | आन्तरिक ऋण | १,८६,४६,३० | | १,२४,००,०० |
| १,२६,६६,२८ | (क) बैंकिङ्ग क्षेत्रबाट ऋण | १,००,४६,३० | | ८०,००,०० |
| ५०,००,०० | (ख) गैर बैंकिङ्ग क्षेत्रबाट ऋण | ३६,००,०० | | ४४,००,०० |
| × | नगद मौज्दात (बचत–) | × | | × |

## राजस्व अनुमान
## २०४३।४४

रु. हजारमा

| संङ्केत संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तनबाट | जम्मा |
|---|---|---|---|---|---|
| | | कुल जम्मा | ५,४६,०१,२५ | ४१,५०,०० | ५,८७,५१,२५ |
| १.१.१.० | भन्सार महसूल | | १,४५,००,०० | १६,५०,०० | १,६४,५०,०० |
| १.१.१.१ | | पैठारीबाट | १,२८,००,०० | १८,८०,०० | १,४६,८०,०० |
| १.१.१.२ | | निकासीबाट | ६,६०,०० | ७०,०० | ७,६०,०० |
| १.१.१.३ | | भारतीय अन्तःशुल्क फिर्ता | १०,००,०० | × | १०,००,०० |
| १.१.१.४ | | भन्सारको अन्य आय | १०,०० | × | १०,०० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर | | २,१७,२०,०० | १४,३०,०० | २,३१,५०,०० |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्तःशुल्क | ७०,००,०० | २,२०,०० | ७२,२०,०० |



१३३

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| १.१.२.२ | | मद्‌भट्टी ठेक्का रकम | २५,०० | × | २५,०० |
| १.१.२.३ | | बिक्री कर | १,२७,७५,०० | १०,६०,०० | १,३८,३५,०० |
| १.१.२.४ | | मनोरञ्जन कर | २,५०,०० | १०,०० | २,६०,०० |
| १.१.२.६ | | होटेल कर | ५,००,०० | × | ५,००,०० |
| १.१.२.७ | | हवाई उडान कर | ३,००,०० | १,४०,०० | ४,४०,०० |
| १.१.२.८ | | ठेक्का कर | ७,५०,०० | × | ७,५०,०० |
| १.१.२.९ | | सडक पुल सम्भार कर | १,२०,०० | × | १,२०,०० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | २४,२५,०० | १,२५,०० | २५,५०,०० |
| १.१.३.१ | | माल तथा मालपोत कार्यालयबाट उठाइने | ७,००,०० | × | ७,००,०० |
| १.१.३.३ | | घर जग्गा रजिष्ट्रेशन दस्तूर | १७,००,०० | १,५०,०० | १८,५०,०० |
| १.१.३.४ | | टिकट दस्तूर | २५,०० | (−)२५,०० | × |
| १.१.४.० | आय, नाफा र सम्पत्तिकर | | ४७,६५,०० | ६,४५,०० | ५४,१०,०० |
| १.१.४.१ | | आयकर-सरकारी क्षेत्र | १२,००,०० | (−)४०,०० | ११,६०,००, |
| १.१.४.२ | | आयकर-अर्ध सरकारी क्षेत्र | १,२५,०० | ५०,०० | १,७५,०० |
| १.१.४.३ | | आयकर-सार्वजनिक क्षेत्र | २५,०० | १०,०० | ३५,०० |
| १.१.४.४ | | आयकर-निजी क्षेत्र | २६,००,०० | ४,१५,०० | ३०,१५,०० |
| १.१.४.५ | | आयकर-पारिश्रमिक | २,६०,०० | × | २,६०,०० |
| १.१.४.७ | | शहरी क्षेत्र घर जग्गा कर | १,२५,०० | × | १,२५,०० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| १.१.४.८ | | सवारी साधन कर | २,००,०० | १०,०० | २,१०,०० |
| १.१.४.९ | (क) | व्याजकर | २,००,०० | २,००,०० | ४,००,०० |
| १.१.५.० | दस्तूर, दण्ड जरीवाना र जफत | | २३,०१,२५ | × | २३,०१,२५ |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तूर | ६१,२५ | × | ६१,२५ |
| १.१.५.३ | | बन्दूक, पिस्तोल रजिष्ट्रेशन दस्तूर | २०,०० | × | २०,०० |
| १.१.५.४ | | सवारी इजाजत दस्तूर | ६०,०० | × | ६०,०० |
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरीवाना तथा जफत | २,००,०० | × | २,००,०० |
| १.१.५.६ | | प्रशासनिक दस्तूर, दण्ड जरीवाना तथा जफत | १६,००,०० | × | १६,००,०० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरूको बिक्रीवाट प्राप्त आय | | ३०,५५,०० | × | ३०,५५,०० |
| १.१.६.१ | | पिउने पानी महसूल | १५,०० | × | १५,०० |
| १.१.६.२ | | पानीपोत | १५,०० | × | १५,०० |
| १.१.६.३ | | विद्युत् महसूल | ५०,०० | × | ५०,०० |
| १.१.६.४ | | हुलाक सेवा | ४,५०,०० | × | ४,५०,०० |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | ५,२५,०० | × | ५,२५,०० |
| १.१.६.६ | | शिक्षा क्षेत्रको आय | १,००,०० | × | १,००,०० |
| १.१.६.७ | | वन क्षेत्रको आय | ८,००,०० | × | ८,००,०० |



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| १.१.६.८ | | यातायात क्षेत्रको आय | ५,००,०० | × | ५,००,०० |
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | ६,००,०० | × | ६,००,०० |
| १.१.७.० | लाभाँश | | ११,२०,०० | × | ११,२०,०० |
| १.१.७.१ | | वित्तीय संस्था | १०,००,०० | × | १०,००,०० |
| १.१.७.२ | | व्यापारिक संस्था | १०,०० | × | १०,०० |
| १.१.७.३ | | औद्योगिक संस्था | १,००,०० | × | १,००,०० |
| १.१.७.४ | | सेवामूलक संस्था | १०,०० | × | १०,०० |
| | | | | × | |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री | | २,५०,०० | × | २,५०,०० |
| १.१.८.१ | | खानी रोयल्टी | २५,०० | × | २५,०० |
| १.१.८.३ | | अन्य रोयल्टी | १,१०,०० | × | १,१०,०० |
| १.१.८.४ | | अन्य बिक्री | १,१५,०० | × | १,१५,०० |
| १.१.९.० | साँवा र ब्याज | | ४३,६५,०० | × | ४३,६५,०० |
| १.१.९.१ | | साँवा-कम्पनी र संस्थानहरूबाट | २६,००,०० | × | २६,००,०० |
| १.१.९.२ | | ब्याज कम्पनी र संस्थानहरूबाट | १७,५०,०० | × | १७,५०,०० |
| १.१.९.३ | | अन्य साँवा र ब्याज | १५,०० | × | १५,०० |
| १.१.९.० | (क) विविध आय | | १,००,०० | × | १,००,०० |
| १.१.९.४ | | विविध आय | १,००,०० | × | १,००,०० |



२३५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## आर्थिक वर्ष २०४१।४२ को यथार्थ र २०४२।४३ को संशोधित अनुमान
### (राजस्व)

रू. हजारमा

| संङ्केत संख्या | शीर्षक | उप-शीर्षक | २०४१।४२ का यथार्थ | २०४२।४३ को संशोधित अनुमान |
|---|---|---|---|---|
| | | कुल जम्मा | ३,६१,६६,४७ | ४,६२,४६,६८ |
| १.१.१.० | भन्सार महसूल | | १,०६,४३,८२ | १,२७,८०,०० |
| १.१.१.१ | | पैठारीबाट | ६०,७५,६७ | १,११,२६,०० |
| १.१.१.२ | | निकासीबाट | ५,५६,८२ | ७,२५,०० |
| १.१.१.३ | | भारतीय अन्तःशुल्क फिर्ता | ६,६६,८० | ६,२०,०० |
| १.१.१.४ | | भन्सारको अन्य आय | ११,५३ | ६,०० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर | | १,५२,६८,६६ | १,८२,८५,०० |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्तःशुल्क | ४७,८६,६४ | ५६,५०,०० |
| १.१.२.२ | | मद्‌भट्टी ठेक्का रकम | ४८,७४ | ५०,०० |
| १.१.२.३ | | बिक्री कर | ८४,५७,७० | १,०२,००,०० |
| १.१.२.४ | | मनोरञ्जन कर | २,४३,७६ | २,०५,०० |
| १.१.२.६ | | होटेल कर | ३,८७,८६ | ४,२५,०० |
| १.१.२.७ | | हवाई उडान कर | २,६६,४८ | २,५५,०० |
| १.१.२.८ | | ठेक्का कर | १०,३५,६७ | ११,००,०० |



236

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| १.१.२.६ | | सडक पुल सम्भार कर | ३५,७८ | १,००,०० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | २१,८५ ७० | २४,९०,०० |
| १.१.३.१ | | माल तथा मालपोत कार्यालयबाट उठाइने | ७,६८,८० | ७,००,०० |
| १.१.३.३ | | घर जग्गा रजिष्ट्रेशन दस्तूर | १४,१६,९० | १६,५०,०० |
| १.१.३.४ | | टिकट दस्तूर | — | १,४०,०० |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | | ३४,१०,२७ | ३६,६५,०० |
| १.१.४.१ | | आयकर-सरकारी क्षेत्र | ६,३०,५७ | १३,००,०० |
| १.१.४.२ | | आयकर-अर्ध सरकारी क्षेत्र | १४,२४ | ७५,०० |
| १.१.४.३ | | आयकर-सार्वजनिक क्षेत्र | ५,०० | २५,०० |
| १.१.४.४ | | आयकर-निजी क्षेत्र | १६,५६,५६ | १६,००,०० |
| १.१.४.५ | | आयकर-पारिश्रमिक | १,६३,४८ | २,००,०० |
| १.१.४.७ | | शहरी क्षेत्र घर जग्गा कर | १,२०,७५ | १,००,०० |
| १.१.४.८ | | सवारी साधन कर | १,५२,७७ | १,७५,०० |
| १.१.४.९ | (क) | ब्याजकर | ६३,८७ | २,२०,०० |
| १.१.५.० | दस्तूर, दण्ड जरीवाना र जफत | | २८,३२,८७ | १६,८६,५२ |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तूर | ७८,२० | ८५,९२ |
| १.१.५.३ | | बन्दूक, पिस्तोल, रजिष्ट्रेशन दस्तूर | ८,६१ | ८,७६ |
| १.१.५.४ | | सवारी इजाजत दस्तूर | ६२,२१ | ६६,०५ |
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरीवाना तथा जफत | १,१७,४० | १,२५,७६ |



236

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| १. १.५.६ | प्रशासनिक दस्तूर, दण्ड जरीवाना तथा जफत | २५,६६,४५ | १४,००,०० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट प्राप्त श्राय | २५,३१,०० | २६,६८,५६ |
| १.१.६.१ | पिउने पानी महसूल | १२,०४ | १४,२१ |
| १.१.६.२ | पानीपोत | ६,८१ | ७,६६ |
| १.१.६.३ | विद्युत महसूल | २,५६,२२ | ५०,०० |
| १.१.६.४ | हुलाक सेवा | ३,७२,६८ | ४,००,०० |
| १.१.६.५ | खाद्य कृषि क्षेत्रको श्राय | १,३३,७५ | ३,८५,०० |
| १.१.६.६ | शिक्षा क्षेत्रको श्राय | ६७,३६ | ८०,०० |
| १.१.६.७ | वन क्षेत्रको श्राय | ६,०४,६४ | ११,००,०० |
| १.१.६.८ | यातायात क्षेत्रको श्राय | ३,२३,७३ | ४,३६,७४ |
| १.१.६.६ | श्रन्य सरकारी क्षेत्रको श्राय | ४,४७,१७ | ५,२१,६५ |
| १.१.७.० | लाभाँश | ८,६१,५४ | १०,८६,०१ |
| १.१.७.१ | वित्तीय संस्था | ८,१०,८१ | ६,६१,४६ |
| १.१.७.२ | व्यापारिक संस्था | १६,८३ | २०,०२ |
| १.१.७.३ | औद्योगिक संस्था | ३०,८६ | १,००,०० |
| १.१.७.४ | सेवामूलक संस्था | १ | ४,५० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री | ३,१७,०७ | १,६१,३६ |
| १.१.८.१ | खानी रोयल्टी | २६,४७ | २६,२४ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| १.१.८.३ | | अन्य रोयल्टी | १,५१,३६ | ५१,६१ |
| १.१.८.४ | | अन्य बिक्री | १,३६,२४ | १,१०,२४ |
| १.१.६.० | सांँवा र व्याज | | १०,१६,३३ | २२,१८,११ |
| १.१.६.१ | | सांँवा-कम्पनी र संस्थानहरूबाट | ६,७४,७२ | १४,००,०० |
| १.१.६.२ | | व्याज-कम्पनी र संस्थानहरूबाट | ३,३२,१३ | ८,००,०० |
| १.१.६.३ | | अन्य सांँवा र व्याज | ९,४८ | १८,११ |
| १.१.६.० | (क) विविध आय | | ६८,८८ | ५,१३,०६ |
| १.१.६.४ | | विविध आय | ६८,८८ | ५,१३,०६ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## व्यय अनुमान
## (साधारण बजेट)

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०४१।४२ को यथार्थ | २०४२।४३ को संशोधित अनुमान | २०४३।४४ को अनुमान |
|---|---|---|---|---|---|
| १ | १–१ | श्री ५ महाराजाधिराज | | | |
| संवैधानिक अङ्ग | | तथा राजपरिवार | १,७२,५१ | २,५५,२५ | २,५५,२५ |
| | १–२ | राजसभा | १६,६७ | २०,६५ | २८,२३ |
| | १–३ | राष्ट्रिय पञ्चायत | ७७,४३ | १,००,१० | १,२४,६३ |
| | १–४ | महालेखा परीक्षकको विभाग | ८६,०१ | ८२,५५ | १,३०,४२ |
| | १–५ | सर्वोच्च अदालत | ३४,४५ | ४२,८६ | ५२,७८ |
| | १–६ | लोक सेवा आयोग | ८८,४४ | ८४,२६ | १,१०,१२ |
| | १–७ | निर्वाचन आयोग | ४७,९५ | ५,७५,४४ | ४,७७,२८ |
| | १–८ | अख्तियार दुरूपयोग निवारण आयोग | ११,२२ | १२,४२ | २१,८५ |
| | १–९ | महान्यायाधिवक्ताको कार्यालय | १४,९६ | १५,६३ | १७,६८ |
| | १–१० | पञ्चायत नीति तथा जाँचबुझ समिति | ५३,४६ | ७६,०४ | २,५१,१९ |
| २ | २–१ | मन्त्रिपरिषद् | ३६,८१ | ५३,८६ | ५७,८५ |
| साधारण प्रशासन | २–२ | श्री ५ को सरकारको | | | |
| | | सचिवालय | ४,३२,५४ | ४,९७,६२ | ५,७६,९६ |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| | २–३ | जिल्ला प्रशासन | ४,०३,४८ | ४,६३,६६ | ५,५५,०१ |
| | २–४ | प्रहरी | २८,८०,४९ | ३५,१९,६५ | ४१,०६,०३ |
| | २–५ | कारागार | २,५०,३९ | २,६७,२३ | २,९१,६६ |
| | २–६ | विविध | १,०३,४४ | १,२२,२० | ३,६२,८३ |
| | २–७ | प्रशासन सुधार | १,५० | ४,३६ | ४,५० |
| ३ | ३–१ | मालपोत | २,९०,८५ | ३, ३४,५६ | ३,६६,६६ |
| राजस्व प्रशासन | ३–२ | भन्सार | १,८२,७० | २,२८,४६ | २,७४,९८ |
| | ३–३ | अन्तःशुल्क | ७६,९६ | ८६,३६ | १,०५,७७ |
| | ३–४ | कर | ७२,६९ | ९१,७० | १,२४,४३ |
| | ३–५ | राजस्व न्यायाधिकरण | २,६१ | ३,३७ | ४,१५ |
| ४ | ४–१ | योजना | ११,९७ | १७,१३ | २२,८१ |
| आर्थिक प्रशासन | ४–२ | तथ्याङ्क | ११,२६ | १५,१८ | १६,८७ |
| र योजना | ४–३ | महालेखा नियन्त्रक कार्यालय | २,३५,७६ | २,८३,०५ | ३,३६,१५ |
| | ४–४ | मेट्रिक नापतौल | २१,४८ | २४,९३ | २८,६५ |
| ५ | ५–१ | अदालत | ४,३६,०० | ५,३२,३२ | ६,३५,११ |
| न्याय प्रशासन | ५–२ | अ. दु. नि. पुनरावेदन अदालत | २,६५ | ३,३३ | ३,६३ |
| ६ | ६–१ | वैदेशिक सेवा | ५,३०,१६ | ६,१०,३६ | ७,५७,९६ |
| वैदेशिक सेवा | ६–२ | विविध | ९३,२० | १,४६,०६ | २,७३,३७ |
| ७ | ७–१ | रक्षा | ४३,५३,९३ | ४६,५५,२७ | ५८,२७,२५ |
| रक्षा | ७–२ | विविध | ७,२४,८१ | ८,९२,६० | ११,०४,४२ |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ८–१ | शिक्षा | १६,१४,४३ | २०,५४,७० | २४,२५,७७ |
| सामाजिक | ८–२ | स्वास्थ्य | १३,६४,२६ | १७,५२,७५ | २०,०४,२६ |
| सेवाहरू | ८–३ | पिउने पानी | ८७,७२ | ९९,६५ | १,२०,२९ |
| | ८–४ | पञ्चायत तथा स्थानीय विकास | ६,६४,४९ | ८,२६,२३ | २,४६,८० |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | ३,१५,०५ | ३,७५,८१ | ४,४४,०३ |
| ९ | ९–१ | कृषि | ६३,४४ | ७२,१४ | ८२,६४ |
| आर्थिक सेवाहरू | ९–२ | सिंचाइ | ५८,२८ | ६७,३९ | ८१,६५ |
| | ९–३ | भूमिसुधार | १,७४,६० | २,२९,५७ | २,७४,३५ |
| | ९–४ | नापी | ८२,९२ | ९९,५३ | १,२८,७४ |
| | ९–५ | वन | ८७,०० | १,१७,१४ | १,४९,३३ |
| | ९–६ | उद्योग तथा खानी | ५१,६६ | ७४,३० | ८१,३१ |
| | ९–७ | सञ्चार | ७,४७,८६ | ११,०३,८४ | १२,१४,०२ |
| | ९–८ | यातायात | ६,१३,३२ | ६,८२,८५ | ८,९५,७८ |
| | ९–९ | विद्युत् | ८२,९३ | १,०१,७७ | — |
| | ९–१० | अन्य आर्थिक सेवाहरू | ३२,२३ | ४१,४७ | ४७,२० |
| १० | | | | | |
| ऋण तथा लगानी | १०–१ | ऋण र लगानी | १,११,२१ | १,३२,६० | १,३७,६० |
| ११ | | | | | |
| साँवा र ब्याज | ११–१ | साँवा भुक्तानी | १७,४६,६७ | ३०,८२,८६ | ३८,९०,१० |
| भुक्तानी | ११–२ | ब्याज भुक्तानी | ५०,३५,१५ | ७०,३७,९६ | ९०,५९,९० |



983

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | १२–१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि॰ | | | |
| विविध | | मण्डलको भ्रमण खर्च | १,३१,१८ | ३,३७,०० | ४,००,०० |
| | १२–२ | निवृत्तभरण, भत्ता तथा उपदान | ५,€३,२५ | €,६४,७० | ११,००,०० |
| | १२–३ | अतिथि सत्कार | ३,२५ | ५,६० | ५,०० |
| | १२–४ | आकस्मिक सहायता, चन्दा र पुरस्कार | €५ | २४ | २,०० |
| | १२–५ | मुआब्जा | ३,४३ | २,€६ | १०,०० |
| | १२–६ | अन्य | €,€३,€२ | १७,४४,२८ | २३,२४,३१ |
| | १२–७ | भैपरी आउने | २५,७१,४€ | ८,६५,०० | ६,००,०० |
| | | | २,€०,६१,५३ | ३,६०,२७,१० | ४,३०,७०,€६ |



मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## व्यय अनुमान
## (विकास बजेट)

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०४१।४२ को यथार्थ | २०४२।४३ को संशोधित अनुमान | २०४३।४४ को अनुमान |
|---|---|---|---|---|---|
| २ साधारण प्रशासन | २–७ | प्रशासन सुधार | १.१६,३८ | १,४८,४४ | १,७२,३३ |
| ४ आर्थिक प्रशासन र योजना | ४–१ | योजना | २७,२७ | २२,०० | ३८,२३ |
| | ४–२ | तथ्याङ्क | २४,७३ | २३,६४ | ४२,४८ |
| ८ सामाजिक सेवाहरू | ८–१ | शिक्षा | ६४,४२,३७ | ६८,५०,०६ | १,०४,३८,०८ |
| | ८–२ | स्वास्थ्य | २५,४७,६१ | ३१,२३,८३ | ३७,६५,८६ |
| | ८–३ | पिउने पानी | २०,१५,८२ | २५,३७,४७ | २६,८६,६४ |
| | ८–४ | पञ्चायत तथा स्थानीय विकास | ३३,६३,३४ | ३१,५७,५५ | ५३,६६,६५ |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | ६,१२,६६ | ६,६४,८८ | १०,८४,८७ |
| ९ आर्थिक सेवाहरू | ९–१ | कृषि | ७०,३६,०२ | ८३,५४,४७ | ८७,३६,८२ |
| | ९–२ | सिंचाइ | ६५,२२,४० | ७६,०५,५८ | ८५,०४,६१ |
| | ९–३ | भूमिसुधार | १,७६,१४ | २,५५,४६ | २,५१,२२ |
| | ९–४ | नापी | ४,०७,०८ | ४,४३,५७ | ७,४८,६६ |
| | ९–५ | वन | २६,०४,०० | ३०,१५,६८ | ४७,४५,०७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ९–६ | उद्योग तथा खानी | ३४,७०,२७ | ३६,३६,३० | ४४,०१,०१ |
| | ९–७ | सञ्चार | ९,०३,९४ | ८,७१,५५ | १६,४३,८९ |
| | | (क) हुलाक | (५२,४८) | (१०,१४) | (४७,१४) |
| | | (ख) दूर सञ्चार | (८,५१,४६) | (८,६१,४१) | (१५,९६,७५) |
| | ९–८ | यातायात | ९२,३०,१७ | ६७,३०,८० | १,२२,४४,२१ |
| | | (क) सडकहरू | (५१,९५,१५) | (५३,५८,४८) | (१,००,२८,०८) |
| | | (ख) पुलहरू | (५,३४,८१) | (५,२६,९०) | (७,४३,११) |
| | | (ग) हवाई | (३४,७०,८५) | (८,३७,५५) | (१४,६५,२९) |
| | | (घ) अन्य यातायात | (२९,३६) | (७,८७) | (७,७३) |
| | ९–९ | विद्युत | ५०,४८,७० | १,०९,६४,०८ | १,८१,९०,५२ |
| | ९–१० | अन्य आर्थिक सेवाहरू | ४,६९,३७ | ५,३५,५५ | १९,०७,२६ |
| | | (क) वाणिज्य | (२,६८,९८) | (१,०१,२२) | (१,४९,२२) |
| | | (ख) श्रम | (३५,७९) | (४९,२५) | (५४,३५) |
| | | (ग) पर्यटन | (९३,१७) | (४६,९१) | (१३,५९,०२) |
| | | (घ) हावापानी तथा जलविज्ञान | (६०,४६) | (१,२३,७४) | (१,७६,६०) |
| | | (ङ) अन्य | (१०,९७) | (२,१४,४३) | (१,६८,०७) |
| १२ | १२–६ | अन्य | ५,४२,७९ | ४,०५,०० | १४,५०,०० |
| विविध | १२–७ | भैपरी आउने | २९,९०,२७ | ५,५०,०० | ७,००,०० |
| | | | ५,४८,८७,९३ | ५,९९,२५,९४ | ८,७४,५५,३४ |

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।